# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००, ९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १३ | काठमाडौं | मंगलबार, २३ वैशाख २०८२ | Prabhab National Daily | Tuesday, May 06, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५/-


भारतमा नेपाली विद्यार्थीको मृत्यु प्रकरण

## सत्यतथ्य छानबिन गर्न सरकारलाई संसद्को निर्देशन




- फागुनमा प्रकृति लम्सालको शंकास्पद मृत्यु, त्यसको साढे दुई महिनामा वीरगञ्जकी प्रिशा साहको मृत्यु
- सदन र संसदीय समितिमा सांसदहरूको प्रश्नपछि तथ्यतथ्य छानबिन गर्न सरकारलाई निर्देशन
- परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासबाट सत्यतथ्य पत्ता लगाउने भनिए पनि यकीन छैन सरकारसँग तथ्यांक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भारतको एकै विश्वविद्यालयमा लगातार दोस्रोपटक नेपाली छात्राको मृत्यु भएपछि सदन र संसदीय समिति तातेको छ । भारतको उडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल इन्स्टिच्युट (किट)मा वैशाख १८ गते वीरगञ्जकी १८ वर्षीया प्रिशा साह मृत भेटिएकी थिइन् । सोही विश्वविद्यालयमा गत फागुन ४ गते नेपालगञ्जकी २० वर्षीया प्रकृति लम्सालको मृत्यु भएको थियो ।

यसरी एकै विश्वविद्यालयमा उस्तै प्रकृतिको घटना भएको विषयमा सरकार गम्भीर नबनेको भन्दै प्रतिनिधिसभामा सांसदहरूले आवाज उठाएका छन् । प्रतिनिधिसभामा सांसदहरू देवेन्द्र पौडेल, रामकृष्ण यादव, अमरेशकुमार सिंहलगायतले प्रिशाको मृत्यु प्रकरणबारे सत्यतथ्य पत्ता लगाउन माग गरे ।

लगत्तै सभामुख देवराज घिमिरेले किट विश्वविद्यालयमा नेपाली विद्यार्थीको रक्षाका लागि सरकारले आवश्यक कदम चाल्न निर्देशन दिए ।

'उज्यालो भविष्यको सपना बोकेर अध्ययनका लागि विदेसिएका विद्यार्थीहरूको एकपछि अर्को मृत्युको घटना राष्ट्रको संवेदनशीलता र जिम्मेदवारीसँग जोडिएको गम्भीर प्रश्न पनि हो । सरकारलाई यस घटनाप्रति गहिरो चासो लिँदै सत्यतथ्य पत्ता लगाउन सम्बन्धित पक्षसँग संवाद अघि बढाउन र परिवारलाई आवश्यक न्यायिक सहयोग गर्न म निर्देश गर्दछु । साथै विदेशमा अध्ययनरत नेपाली विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न गराउनसमेत म निर्देशन गर्दछु,' सभामुख घिमिरेले भने । आइतबार मात्र राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले यसबारे सत्यतथ्य छानबिन गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।

### सरकारसँग छैन किटमा अध्ययन गर्ने नेपाली विद्यार्थीको तथ्यांक

माओवादी केन्द्रका सांसद पौडेलले संसद्को शिक्षा उपसमितिमा पनि सोमबार किट विश्वविद्यालयमा नेपाली छात्राको मृत्यु प्रकरणबारे प्रश्न उठाए । 'किट विश्वविद्यालयमा अध्ययनरत छात्रा प्रिशा साहको निधन भएको छ । उक्त विश्वविद्यालयमा एक हजार २०० आसपास नेपाली छन् भनेको छ । उनीहरूको थप सुरक्षाका निम्ति थप पहल गर्नुपर्ने आवश्यकता देखिन्छ । यसको पछाडि केही कारण छ कि ? शिक्षा मन्त्रालय र यो समितिमार्फत पहल गर्नुपर्छ,' दाहालले भने ।

क्रमशः पृष्ठ २ मा

# ओली–दाहालबीच सौहार्द्रता देउवालाई 'दबाब'

- सत्ताघटक कांग्रेस–एमालेबीच दूरी बढ्ने संकेत
- कांग्रेस–एमालेका नेताहरु आरोपप्रत्यारोपमा
- कांग्रेस नेताहरूबाट सरकार छाड्नेसम्मको धम्की
- भाजपा विदेश विभाग प्रमुखको भ्रमणले नेपाली राजनीतिको तस्बिरमा परिवर्तनको संकेत
- संसद्मा ओली–दाहालबीच देखियो हार्दिकता

■ **जेबी योञ्जन**


**सोमबार प्रतिनिधिसभा बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहालसँग भलाकुसारी गर्दै प्रधानमन्त्री केपी शर्मा ओली ।** *तस्बिर सौजन्यः प्रधानमन्त्रीको सचिवालय*

**काठमाडौं–** प्रमुख दुई सत्ताघटक नेपाली कांग्रेस र नेकपा एमालेबीच गठबन्धन नै संकटमा पर्नेगरी दूरी बढ्दै गएको छ । दुई दलका नेताहरू गठबन्धन प्राविधिक रूपमा मात्रै बाँकी रहे जसरी एकअर्काको खरो आलोचक बनेर प्रस्तुत पनि भइरहेका छन् ।

कांग्रेसका केही नेताले त सरकारबाट बाहिरिनेसम्मको धम्की दिइसकेका छन् । एमालेले पनि कांग्रेसलाई सत्तापक्ष कि प्रतिपक्ष ठम्याउनै गाह्रो हुन थालेको भन्दै व्यंग्यवाण गरेको छ । हरेक सरकारी निर्णय एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली एक्लैले नगरेको भन्दै सरकारको आलोचक कांग्रेस नेताहरूप्रति ओलीनिकट सांसदहरू कडा जवाफ फर्काउन उत्रिएका हुन् ।

दुई दलबीच सत्ता गठबन्धन बनेको एक वर्ष पनि भएको छैन । तर, यसबीचमा अविश्वासको संकट गहिरिएको देखिन्छ । यससँगै दुई दलका नेताहरू एकअर्कालाई लाञ्छित गर्ने स्थितिमा पुगेका छन् । सत्ता छाड्ने धम्कीदेखि चेतावनी पनि दिइरहेका छन् ।

सोमबार संसद् बैठकमा विशेष समयमा बोल्दै प्रधानमन्त्री ओलीनिकट सांसद सूर्य थापाले कांग्रेसमा बढ्दो सत्ताविरोधी प्रवृत्तिको विरोध गरे । उनले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरण र ऊर्जा राज्यमन्त्रीको बर्खास्तगी प्रधानमन्त्री एक्लैको निर्णयले नगरेको तर कांग्रेस नेताहरूले मिडियाकरण गर्ने क्रममा ओलीमाथि दोष थोपरेको भन्दै रुष्ट बने । उनले सत्ता आलोचक कांग्रेस नेताहरूलाई सभापति देउवाको विमतिमा एउटै काम नभएको भन्दै पहिले आफ्नो पार्टी सभापतिलाई सोध्न आग्रह गरे ।

'विमतिमा एउटै काम भएको छैन । तर, अखबारवाजीमा म देख्छु-एमालेकरण भयो रे ! कसरी यसो भयो ? म यो कुरा सोध्न चाहन्छु,' उनले संसद्मा भने, 'यदि, सत्ता साझेदार दलहरूबीच संयन्त्रको अभ्यास एक हिसाबले समस्या भयो भन्ने लागेको छ भने प्रमुख नेताहरू बसेर छलफल गरेर खारेज गरे हुन्छ ।'

संसद्को चालु बर्खे अधिवेशन बस्नु ठीक अघिल्लो दिन (११ वैशाख) कांग्रेस महामन्त्री गगन थापाले गठबन्धनमा कुन हदसम्मको असमझदारी पैदा भयो ? त्यो देखिनेगरीको अभिव्यक्ति दिएका थिए । त्यस दिन उनले भने, 'हामी पर्‍यो भने यस्तो सरकारबाट बाहिर जान्छौं ।'

भोलिपल्ट १२ वैशाखमा संसद्बाटै एमालेसचिव गोकर्ण विष्टले गगन अभिव्यक्तिको खण्डन गरे । उनले कांग्रेसको चरित्र छुटचाउनै गाह्रो भएको बताए । 'सत्तामा रहेका साथीहरू पनि सत्तामा हुनुहुन्छ कि प्रतिपक्षमा ? कहिलेकाहीँ चिन्न पनि गाह्रो हुने परिस्थिति पैदा हुन्छ,' विष्टको यो कांग्रेसलक्षित अभिव्यक्ति हो ।

कांग्रेसका नेता डा. शेखर कोइरालाले त पटक-पटक कांग्रेस सरकारमा रहेको तर सत्तामा नभएको भन्दै आएका छन् । अर्थात्, निर्णय प्रक्रियामा एमाले हाबी भएको र कांग्रेस हेरेको हेर्‍यै भयो भन्ने सन्दर्भमा उनले त्यसो भनेका हुन् ।

नेताहरूका यी भनाइले गठबन्धन समस्यामा परेको र सरकार धरमरमा रहेको देखाउँछ । प्रधानमन्त्री ओली स्वयं सरकार ढल्नेमा चिन्तित देखिन्छन् । चिन्ताबीच उनले भनिरहेका छन्- १५ महिनापछि कांग्रेस सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्छु ।

सत्ता हस्तान्तरण गर्ने भनेर बारम्बार ओलीले भन्नुमा भित्रभित्रै गठबन्धनमा निकै समस्या छ भन्ने विश्लेषण राजनीतिक विश्लेषक डा. तारानाथ घिमिरेको छ । उनको विचारमा मुख्य सत्ताघटक कांग्रेसको ठूलो पंक्ति सरकारविरोधी कित्तामा पुगेको छ । उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री विश्वप्रकाश शर्मा, नेता शेखर कोइरालालगायत नेताहरू सरकारले जनताको पक्षमा काम गर्न नसकेको भन्दै विरोधमा छन् ।

उसो त माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नयाँ वर्षको सुरुआतसँगै सरकार ढल्ने दाबी गरेका थिए । त्यसबेला उनले सरकार ढल्न सक्नेबारे आममानिस विश्वस्त हुनेगरीको विश्लेषण त सुनाएनन् तर सरकार धेरै नटिक्ने बताएका थिए । तर, सत्ता गठबन्धनकै मूल शक्ति कांग्रेसभित्र सरकारप्रति बढ्दो असन्तुष्टि र सत्ता साझेदारीप्रति नै सोचविचार गर्नुपर्ने भन्ने मत प्रकट हुँदै जाँदा गठबन्धनको भविष्य संकटोन्मुख रहेको आशंका बढेको छ ।

यहीबेला हालै भारतीय जनता पार्टीको विदेश विभाग प्रमुख डा. विजय चौथाइवालेको नेपाल भ्रमण भयो । भ्रमणका क्रममा उनले प्रधानमन्त्री ओली, कांग्रेस सभापति देउवा, माओवादी अध्यक्ष दाहाललगायत १९ जना नेतालाई चार दिनमा भेट गरे । अनि स्वदेश फर्किए ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# इपिएस कार्यालयमा युवाहरूको धर्ना

- पानी जहाज निर्माण (सिप बिल्डिङ)तर्फ भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया जान नपाएपछि सेक्टर परिवर्तनको माग
- इपिएस कोरिया शाखामा धर्ना दिन गएका युवाहरूमाथि प्रहरीले बर्सायो लाठी, केही घाइते




तस्बिरः सामाजिक सञ्जाल

■ **ममता थापा**

काठमाडौं- ललितपुरको ग्वार्कोस्थित इपिएस कोरिया शाखामा सोमबार धर्ना दिन गएका युवाहरूमाथि प्रहरीले लाठीचार्ज गरेको छ । पानी जहाज निर्माण (सिप बिल्डिङ)तर्फ कोरियन भाषा उत्तीर्ण गरेर बसेकाहरूले सेक्टर परिवर्तनको माग गर्दै नाराबाजी गरेका थिए । त्यही क्रममा प्रहरीले लाठीचार्ज गरेको हो ।

प्रहरीको कुटाइबाट केही युवा सामान्य घाइते भएका छन् । नाराबाजी गर्ने तीन जनालाई प्रहरीले नियन्त्रणमासमेत लिएको थियो । आफूहरूको शान्तिपूर्ण आन्दोलन गरिरहँदा बल प्रयोग गरेको भन्दै आन्दोलनरत युवाहरू थप आक्रोशित भएका छन् ।

'हामीहरू शान्तिपूर्ण रूपमा बसेर धर्ना दिइरहेका थियौं । हाम्रो माग पूरा नभएसम्म हामी निरन्तर धर्ना दिइरहने बताएका थियौं । तर प्रहरीले हामीलाई लाठी हान्न थाल्यो,' धर्नामा सहभागी कमल सिग्देलले प्रभावसँग भने, 'एक जना दिदीको खुट्टामा लागेर हिँड्न नमिल्ने भएको छ । मेरो पनि हातमा लाग्यो । अर्को एक जना पनि घाइते हुनुभएको छ ।'

क्रमशः पृष्ठ २ मा



रोस्टरमा रहेका श्रमिकको छनोट कोरियाका रोजगारदाताले गर्छन् । तर कोरिया जाने पर्खाइमा बसेकाहरूले इपिएस शाखाले छनोट गरेन भन्दै आएका छन् । हाम्रो भूमिका श्रमिक र कोरियाबीचको पुल जस्तो मात्र हो ।

■ **राजकुमार राई**
निर्देशक, इपिएस कोरिया शाखा

### के भन्छ इपिएस शाखा ?

श्रमिकको मागको विषयमा आइतबार नै एचआरडी कोरियालाई खबर गरेको इपिएस कोरिया शाखाका निर्देशक राजकुमार राई बताउँछन् । सोमबारसम्म जवाफ प्राप्त नभएको र के जवाफ आउँछ भनेर आफूहरूलाई पनि थाहा नहुने उनको भनाइ छ । 'श्रमिकको छनोट गर्ने अधिकार इपिएस शाखालाई हुँदैन । कोरियाले सिप बिल्डिङमा मात्र नभएर अन्य सेक्टरमा पनि न्यून संख्यामा श्रमिक लग्ने गरेको छ,' उनले भने, 'परीक्षामा धेरै पास गराउने तर थोरै लगेको विषयमा हामीले पटक-पटक कुरा राखिसकेका छौं । तर उताबाट कुनै जवाफ आएको छैन ।'

कोरिया जाने सपना देखेर, दुःख गरेर भाषा परीक्षा उत्तीर्ण गरी लामो समयसम्म कुरेर बस्नुपर्दा युवाहरूमा आक्रोश देखिनु स्वाभाविक भएको तर आफूहरूको हातमा केही नभएको निर्देशक राई बताउँछन् ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।

- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।

- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।

- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।

- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।

- कतै कुनै सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. काठमाडौं-७, सिफल, काठमाडौं

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# एनआरएनएमा चरम राजनीति

विदेशलाई देशसँग जोड्ने उद्देश्यसहित गैरआवासीय नेपालीहरूले बनाएको संगठन हो– एनआरएनए । विदेशमा सिकेको सीप नेपालमा लगानी गर्न, विदेशमा कमाएको धन नेपालमा लगानी गर्न र विदेशीलाई नेपालमा लगानी प्रोत्साहन गर्न यो संस्था स्थापना भएको हो । यसैगरी विदेशमा समस्यामा परेका नेपालीहरूको हित, देशमा पर्यटन भित्र्याउने र आपतविपद्मा सघाउने एनआरएनएको अर्को ध्येय हो ।

समयक्रममा एनआरएनएले यस्तो महत्त्वाकांक्षी उद्देश्य बोक्यो कि आफ्नै मुद्दामा फस्दै गयो । एनआरएनएले 'एक पटकको नेपाली, सधैंको नेपाली' सहित दोहोरो नागरिकताको माग अघि सार्‍यो । राजनीतिकबाहेक सबै अधिकार पाउनेगरी अघि बढेको यो माग सरकारले पूरा गरिदियो तर एनआरएनलाई यही नै घाँडो बनिदियो । धेरै एनआरएनले अहिले यो नागरिकता लिन अनिच्छा देखाइरहेको छ ।

एनआरएनए भावनात्मक मेलको त्रिवेणीभन्दा पनि केही धनाढ्यहरूको क्लबजस्तो भएको छ अहिले । यो संस्थामा रसियन धनाढ्य उपेन्द्र महतो र अस्ट्रेलियन धनाढ्य शेष घलेबीचको चर्को टसल छ । पहिलेपहिले पर्यटन प्रचारको नाममा सरकारको खर्चमा दसैंको बेला काठमाडौं उतारेर एनआरएनएको महाधिवेशन गरिन्थ्यो । पछिल्लो समय भने एनआरएन भनिने कतिपय नेताहरू नेपालमै छन् । उनीहरूकै अगुवाइमा यसपटक एकता महाधिवेशनको नाममा एनआरएनए औपचारिकरूपमा फुट्यो, फुटाइयो ।

नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको साथ पाएर जापानका महेश श्रेष्ठ यसपटक अध्यक्ष बनेका छन् भने नेकपा एमालेनिकट डा. बद्री केसी समूहले यसलाई मान्यता दिएको छैन । सन् २००३ मा स्थापना भएको यो संस्थामा अमेरिकन एनआरएनहरूले अध्यक्ष बन्ने चर्को प्रयास गर्दा पनि नसकेपछि फुटेको हो । यसलाई साथ दिए अस्ट्रेलियाका धनाढ्य शेष घलेले ।

आफ्नी श्रीमती जमुना घले अध्यक्ष बनाउन नपाएको झोंक पनि उनले यही पोखिदिए । रोचक त के छ भने १० औं महाधिवशेनमा ३ जना अध्यक्ष बने । ११औं महाधिवेशनपछि सर्वोच्चले यो समिति नै अवैधानिक भनेर घोषणा गरिदियो । अब यो कार्यसमितिले के–के निर्णय र काम गरेको थियो । यस विषयमा अदालतको निर्णयले के भयो ?

अझ ११औं महाधिवेशनमा एक उम्मेदवार डा. केशव पौडेलको काठमाडौंबाट झरेको मत नै शून्य देखियो । त्यसपछि उम्मेदवारहरूले मत परिणाममाथि शंका गरे । उक्त महाधिवेशनमा पराजित भएपछि बेग्लै समिति बनाएको टोली नै यसपटक एकता महाधिवेशनबाट नेतृत्वमा आएका हुन् । नेपाली राजनीतिलाई पाठ सिकाउन कुनै पनि हालतमा पछि नपर्ने एनआरएनए आफैं भने एक कदम अघि बढ्दै एनआरएनएलाई राजनीतिको चरम थलो बनाउनु कतिसम्म जायज होला ?

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।


### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# तीर्थरामलाई यसकारण सम्झनुपर्छ



■ दामोदर गौतम

❛ राजनीतिमा विजय र पराजयलाई सामान्य रूपमा लिने तीर्थराम पराजयबाट कहिल्यै आत्तिनुभएन । झण्डै छ दशक लामो निष्ठाको राजनीतिक यात्रामा उहाँसँग जीवनभरको सम्पत्ति भनेकै निर्दाग चरित्र, पारदर्शिता, शान्त स्वभाव र दृढ आत्मविश्वास थियो । समाजवादी जीवनशैली, आचरण, बेदाग चरित्र आदर्शभाव नै उहाँको परिचय बनेको छ । नेपाली राजनीतिमा जुझारु नेताका रूपमा चिनिनुहुने उहाँले कांग्रेसका सिद्धान्तलाई सधैं आत्मसात् गरिरहनुभयो ।

सरल जीवन नै सादा जीवन हो । सरल जीवन सरस हुन्छ र यसले नै जीवनलाई सुन्दर बनाउँछ । उच्च विचारले मानिसलाई दैनिक कर्तव्यबोध गराई कर्तव्य परायण बनाउनेमात्र होइन, जीवनलाई सरल ढंगबाट जिउने कला पनि सिकाउँछ । विश्वका धेरै आदर्श विद्वान, दार्शनिकहरू जस्तै राजनीति र सामाजिक क्षेत्रमा लागेका कतिपय व्यक्तिले पनि यही बाटोलाई पछ्याएका हुन्छन् । हाम्रै समाजमा पनि कतिपय यस्ता मानिस छन्, जसले राजनीतिलाई नाम र दाम कमाउने माध्यम नबनाएर जनताको सेवालाई नै केन्द्रमा राखेर साधारण जीवनयापन गरिरहेका छन् । यस्तै व्यक्ति हुनुहुन्थ्यो तीर्थराम डंगोल ।

उनै डंगोल आज हामीबीच हुनुहुन्न । जीवनको अन्तिम घडीसम्म पनि उहाँको निष्ठा र स्वाभिमानमा कुनै दाग लागेन । लामो समयदेखि प्रोस्टेज क्यान्सर र मिर्गौलाको उपचार गराइरहेका उहाँको सिनामंगलस्थित केएमसी अस्पतालमा यही वैशाख १३ गते निधन भएको थियो । नेपालको लोकतान्त्रिक आन्दोलनका एक अथक योद्धा, सरल र शालीन व्यक्तित्वका पर्याय हुनुहुन्थ्यो उहाँ । सादा जीवन र उच्च विचारका पर्याय मानिनुहुने उहाँका तिनै गुणहरूले नै उहाँलाई जीवन्त तुल्याउने छ । २०२६ सालमा त्रिचन्द्र कलेजमा भर्ना भएदेखि नै मैले उहाँलाई चिन्ने र संगत गर्ने अवसर पाएँ । उहाँभन्दा म उमेर र पढाइले 'सिनियर' भएका कारण उहाँ मलाई दाजुको रूपमा हेर्नुहुन्थ्यो । मैले नै उहाँलाई नेपाल विद्यार्थी संघमा लाग्न प्रेरित गरेको थिएँ । उहाँ विद्यार्थी संगठनमा लागेदेखि नै जुझारु हुनुहुन्थ्यो । २०३४ सालमा उहाँ नेवि संघको काठमाडौं जिल्ला सभापति बन्नुभयो । पछि नेपाली कांग्रेस काठमाडौंको कोषाध्यक्ष र जिल्ला सभापतिको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुभएको थियो ।

वि.सं.२०४३ सालमा भएको स्थानीय निर्वाचनलाई पार्टीले उपयोग गर्ने नीति बनायो । स्थानीय तहलाई कब्जामा नलिएसम्म केन्द्रीय सरकारलाई कमजोर बनाउन सजिलो हुँदैन भन्ने सोचले नै सो चुनावको उपयोग गर्ने नीति लिइएको थियो । काठमाडौंलगायत विभिन्न जिल्लाका स्थानीय तहमा कांग्रेस समर्थक नेता कार्यकर्ताले चुनावमा भाग लिएका थिए र अधिकांश स्थानमा विजय पनि भएका थिए । त्यतिबेला काठमाडौं नगर पञ्चायतमा मैले नै हरिबोल भट्टराईलाई प्रधानपञ्च र डंगोलजीलाई उपप्रधानपञ्चमा उम्मेदवार बनाउन प्रस्ताव गरेको थिएँ ।

चुनाव वैशाख/जेठतिर हुन गइरहेको थियो । गणेशमानजीले एकदिन मलाई बोलाएर हरिबोलजी त बोल्न प्रखर हुनुहुन्छ तर तीर्थरामजीले कसरी जनतालाई 'कन्भिन्स' गर्नुहोला भनेर भन्दा मैले जातीय सन्तुलन मिलाउन र युवाको आकर्षणका लागि तीर्थरामजी सक्षम हुनुहुन्छ भनेर आश्वस्त तुल्याएको थिएँ । नभन्दै लैनचौरमा आयोजित चुनावीसभामा उहाँले गर्नुभएको भाषणले निकै ताली पायो । सम्बोधनमा उहाँले गाईजस्तै पवित्र र हवाइजहाजजस्तै तेज गतिमा विकासका कामलाई अगाडि बढाउने भनेर भन्नुभएको थियो । गाई हरिबोलजीको चुनाव चिह्न थियो भने हवाइजहाज तीर्थरामजीको चुनाव चिह्न । पछि यो भाषणको चर्चा गणेशमानजीले पनि थाहा पाउनुभएछ, मलाई बोलाएर तपाईंको उम्मेदवार छनोट राम्रो लाग्यो भन्नुभएको थियो । निर्वाचनमा उहाँहरू दुवैजना विजय हुनुभयो ।

वि.सं. २०१९ पुस १ मा शाही घोषणाबाट २०१५ सालको संविधानलाई खारेज गरी नेपालको संविधान, २०१९ जारी गरियो, जहाँ सम्पूर्ण अधिकार राजामा थियो । प्रजातन्त्र अपहरण भएको पुस १ गतेलाई नेपाली कांग्रेसले कालो दिनको रूपमा मनाउने भनेको थियो । त्यसैदिन संविधान दिवस मनाउने पञ्चायती सरकारको निर्णयलाई प्रजातन्त्रवादीले मान्ने कुरा भएन । हरिबोल र तीर्थरामजीले पनि संविधान दिवसलाई बहिस्कार गर्नुभयो । त्यसबापत उहाँहरू दुवैलाई पक्राउ गरी जेल चलान गरियो । उक्त व्यवस्थाको विरोध गरेकाले उहाँहरू निलम्बनमा पर्नुभएको थियो । हरिबोल झण्डै आठ/नौ महिना जेल बस्नुभयो भने तीर्थरामलाई करिब एक वर्ष जेलमा राखियो । पार्टीका शीर्ष नेताले बहिस्कार नगरी बिरामी परेको बहाना बनाउन सल्लाह दिँदा पनि उहाँहरूले घोषणा गरेरै बहिस्कार गर्नुभएको थियो । यसरी उहाँमा पद र सत्ताको कुनै लोभ थिएन, प्रजातन्त्रका अगाडि अरु कुरा गौण हुन्थ्यो ।

जनमत संग्रह, सत्याग्रहमा पनि उहाँको सक्रिय सहभागिता रहेको थियो । २०४६ सालको आन्दोलनमा पनि उहाँ निकै सक्रिय रहनुभयो । २०५६ सालमा भएको आमनिर्वाचनमा उहाँ काठमाडौंको तत्कालीन क्षेत्र नं ७ बाट विजय हुनुभयो । निरंकुश राजतन्त्रको अन्त्य र लोकतन्त्र वहालीका लागि भएको ऐतिहासिक जनआन्दोलन २०६२/६३ मा काठमाडौं जिल्लाका सभापतिको हैसियतले काठमाडौं जिल्लाबाट उहाँले जनआन्दोलनको नेतृत्व गर्नुभएको थियो । उहाँ २०६४ मा संविधानसभाको सदस्य हुनुहुन्थ्यो । यसैबीच उहाँ एकपटक स्वास्थ्य राज्यमन्त्री पनि बन्नुभयो । नेपालमा लोकतन्त्र स्थापना र पुनर्स्थापना तथा विभिन्न संघर्ष र आन्दोलनका क्रममा उहाँले पटक-पटक जेल जीवनसमेत बिताउनुभएको थियो । स्वर्गीय डंगोलले पार्टीका विभिन्न पदमा रहेर कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नुभएको थियो । लोकतन्त्रको रक्षा र ऐतिहासिक आन्दोलनमा उल्लेखनीय योगदान पुर्‍याएका व्यक्तिलाई गणेशमान सहिद स्मृति शान्ति प्रतिष्ठानद्वारा प्रदान गरिने स्वर्ण पदकले उहाँ सम्मानित हुनुभएको थियो ।

उहाँलाई स्मरण गरिरहँदा २०३४ सालमा काठमाडौंको जैसीदेवलमा भएको बम विष्फोटको घटना पनि सम्झनलायक हुन्छ । यस घटनालाई प्रयागसिंह बम काण्ड पनि भन्ने गरिन्छ । प्रयागजी पहिला कांग्रेसकै हुनुहुन्थ्यो, स्नातकको तर्फबाट सांसद मनोनयन हुनुभएका उहाँ पछि पञ्चायतमा लाग्नुभयो । त्यतिबेला पार्टीले सरकारका मन्त्री सहभागी भएका कार्यक्रम भाँड्ने नीति लिएको थियो । प्रयागजी झण्डा हालेर जैसीदेवल नजिकै टोलमा कार्यक्रममा गएर फर्किंदै हुनुहुन्थ्यो, त्यही क्रममा शिवप्रसाद बराल (उहाँलाई उपनाम शिव कंकाल भनेर चिनिन्थ्यो)सहितका साथीहरूले मन्त्रीको गाडीलाई लक्षित गरी बम प्रहार गरे । गाढीमा सामान्य क्षति भए पनि उहाँलाई केही भएको थिएन । पार्टीका शीर्ष नेताको निर्देशनमै वनारसबाट बम झिकाई पड्काइएको थियो । त्यस घटनामा आशंका लागेका भन्दै प्रहरीले जैसीदेवल टोलका धेरैलाई पक्राउ गर्‍यो । मसहित उहाँलगायत धेरै साथीलाई प्रहरीले पक्राउ गर्‍यो । स्थानीय एक युवकले बम पड्केको आफूले सुनेको र यसबारेमा आफूले तीर्थरामलाई भनेको भन्ने वयानको आधारमा उहाँलाई पक्राउ गरियो । म धादिङमा भएको भए पनि नेता भएका कारण मलाई पनि पक्राउ गरियो । केही समय हामी सँगै जेलमा बस्यौं ।

बिपी कोइरालाको प्रजातान्त्रिक समाजवादलाई शीर्षस्थानमा राखेर राजनीतिमा होमिनुभएका डंगोल कहिल्यै विचलित हुनुभएन । राजनीतिमा विजय र पराजयलाई सामान्य रूपमा लिने उहाँ पराजयबाट कहिल्यै अताल्लिनुभएन । झण्डै छ दशक लामो निष्ठाको राजनीतिक यात्रामा उहाँसँग जीवनभरको सम्पत्ति भनेकै निर्दाग चरित्र, पारदर्शिता, शान्त स्वभाव र दृढ आत्मविश्वास थियो । समाजवादी जीवनशैली, आचरण, बेदाग चरित्र आदर्शभाव नै उहाँको परिचय बनेको छ । नेपाली राजनीतिमा जुझारू नेताका रूपमा चिनिनुहुने उहाँले कांग्रेसका सिद्धान्तलाई सधैं आत्मसात् गरिरहनुभयो ।

राजधानीको साधारण परिवारमा जन्मे हुर्केर राजनीतिलाई समाजसेवाको पर्याय ठान्नुहुने उहाँ त्याग, समर्पण, निष्ठा र सरल अनि सादगी जीवनका लागि कहीँ कतै चुक्नुभएन । पछिल्लो समय राजनीतिमा मौलाउँदो नातावाद, भ्रष्टाचार र विलासी जीवनले उहाँलाई कहिल्यै छोएन । साधारण पहिरन, सादगी भोजन र सबैसँग आत्मीय व्यवहार गर्नसक्ने उहाँको जीवनशैली देख्ने सबैले उदाहरणको रूपमा लिने गर्दछन् ।

जननायक बिपी कोइरालाको आदर्श भनेकै राजनीति देश र जनतामुखी हुनुपर्छ भन्ने थियो । तर आज हरेक राजनीतिक पार्टीका नेताहरूमा आफू केन्द्रित प्रवृत्ति हाबी भएर गएको छ । यस्तो बेलामा पनि उहाँले बिपीको त्यो आदर्शलाई बचाइराख्नुभएको थियो । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भए पनि दलका नेतामा असलभन्दा हाम्रा मान्छेको खोजी गर्ने मनस्थिति कायम गरेको अवस्थामा काठमाडौं जिल्ला पूर्वसभापति डंगोलले समूह, नातावाद र कृपावादबाट माथि उठ्न शीर्ष नेतालाई पटक-पटक सचेत गराएको स्मरण गराउँदै आउनुभएको थियो ।

वि.सं. २००४ सालमा काठमाडौंको साधारण किसान परिवारमा जन्मनुभएका उहाँ जीवनपर्यन्त साधारण भएरै रहनुभयो । घरमा गाईपालन गरी दूध बिक्री गरेर परिवार चल्दै आएको थियो । कलेज पढ्न आउँदा होस् वा पछिसम्म राजनीतिक कार्यक्रममा आउँदा पनि एउटै साधारण पहिरनमा देखिनुहुन्थ्यो । उहाँको निधनले निष्ठाको अविरल राजनीतिक यात्राको एउटा यात्रुको संख्यामात्र घटेन; निष्ठा, इमान्दार र सादगी जीवनको उदाहरणको दीप पनि निभ्यो । उहाँको निधनबाट नेपाली कांग्रेस पार्टीले एक निष्ठावान कार्यकर्तामात्रै गुमाएन; सरल र सादगी जीवनका एक प्रेरणादायी राजनीतिज्ञ पनि गुमाएको छ । उहाँले नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्वाह गर्नुभएको नेतृत्वदायी भूमिका पार्टीमा सदा स्मरणीय रहिरहने छ । उहाँले सल्काएर राख्नुभएको निष्ठाको दियो निभ्न नदिनु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जलि हुने छ ।

*(नेपाली कांग्रेसका नेता गौतमसँग राससका कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*






✍ बैकुण्ठ भण्डारी

# बागमती र यमुना नदीमा पापी मन

धर्म गर्न मानिसहरू मन्दिर जाने गर्छन् । तीन धाम, चार धाम... कता कता । धर्म पनि के-के हो के-के ! एउटै धर्मभित्र पनि विभिन्न रूप । कोही शिवका भक्त, कोही कृष्णका, कोही रामका, कोही हनुमानका, कोही देवीका... यस्तै यस्तै । कोही हिन्दू, कोही बुद्धिष्ट, कोही मुश्लिम, कोही क्रिस्चियन, कोही यहुदी, कोही जैन, कोही के कोही के । जे होस् धर्ममा मन नहुने कमै छन् ।

पशुपतिनाथ मन्दिर पुग्ने होस् कि स्वयम्भू । मस्जिद पुगोस् कि चर्च, जहाँ पुग्ने पनि धर्म गर्न गाको भन्छन् । तर धर्म गर्न जानेहरूले आफ्नो मठमन्दिर जे-जे छ, ती क्षेत्रमा पुग्दा आफ्नो भलो होस् या इच्छा पूरा होस् भन्ने कामना गर्छन् । आफ्नो मनोकामना पूरा गर्न पुगेको ठाउँलाई दूर्गन्धित बनाएर आफूले मान्ने भगवान् वा देउतालाई फोहोरले घेरिदिन्छन् ।

बागमती होस् कि विष्णुमती, यमुना नदीदेखि गंगा सागरसम्मको अवस्था हेर्ने हो भने जो-जो जहाँ पुगे पनि पापी मन देखिँदो रहेछ ।

बागमतीको शिरबाट बागद्वार बगे पनि जब हिन्दूहरूको पवित्रस्थल पशुपतिनाथ परिसर र त्यही बग्ने बागमतीले प्रस्ट पार्छ । बागमतीमात्र हैन, केही समयअघि भारतमा भएको महाकुम्भ मेलामा गंगामा देखिएको फोहोर अनि सबैले आनन्द महसुस गर्ने ध्यान योग र धार्मिकरूपमा निकै महत्त्वपूर्ण मानिएको वृन्दावन परिसर भएर बग्ने यमुना नदीको कहालिलाग्दो अवस्थाले बागमतीदेखि यमुना नदीसम्म पनि पापी मन देखिन्छ ।

यमुना नदीको किनारामा मस्त घाममा पल्टिएर बसेका हिरालाल काकाको अनुहारमा खुसी थिएन ! खुसी लिन आएका काकाको मन दुखित थियो । काकाको अनुहारमा चमक नदेखिएपछि काकालाई मैले सोधें, 'काका के भो यस्तो ठाउँमा आएर पनि निराश देखिनुभएको छ, के चिन्ता पर्‍यो ?'

काका बोल्न सकेनन् । फेरि मैले दोहोर्‍याएर सोधें भन्नू न के भो ?

काकाले मुख खोल्नु भो । अब के भनिरहनुपर्छ र ! यस्तो अवस्था किन बनाउँछन् ? कुरा ठूलाठूला गर्ने अनि काम भने, कठैवर पापी मन ।

'मैले कुरा बुझिन काका !' जिज्ञासा राखें ।

'यी हेर न यमुना नदीको अवस्था । सभ्यता र संस्कृति जोगाउँछु भन्नेहरूको नाकमा ढुंगा,' काकाले निराश हुँदै भने, 'मैले धेरै समयअघि यही यमुना नदीको तटमा यसैगरी पल्टिएर आनन्द लिएको थिएँ तर त्यो आनन्दलाई चकनाचुर बनाएछन् ।'

'बागमती नदीलाई ढलमती बनाए भनेर कराउने म यमुना नदीलाई पनि त्यस्तै ढलमती बनाएको देख्दा मुटु भक्कानियो बाबु ।'

उनको अनुहार निराश हुनुको कारण मैले बुझें । नदीमाथि दोहन र कुदृष्टि नेपालमात्र हैन भारतमा पनि उस्तै रहेछ । बागमती विष्णुमतीमा मात्र पापी मन रहेछ भनेको हैन भगवान् श्रीकृष्णको जन्मभूमिको हालत पनि त्यस्तै रहेछ । यमुना नदीमा हाम्फालेको दिल्लीदेखिको ढलले नदीको सुन्दरतालाई कुरूप बनाइसकेको थियो । तैपनि निकै नै रापतापले गन्ध फालिरहेको यमुना नदीको किनारमा काका पल्टिएर पुरानै आनन्द भने लिइरहेका थिए । धन्न यमुना नदी स्वच्छ बनाउँछु भनेर अर्बौंको बजेट स्वाहा भएको रहेन छ ।

बागमती नदीमा त अर्बौं रूपैयाँ बगिसकेर पनि नदीको अवस्था ढलमतीकै रूपमा चिनिएकाले काकाको मन यमुना नदीको तटमा बसेर पनि दुखिरहेको छ । नदी देशको सभ्यता हो । संस्कृति र पहिचान पनि हो तर ती नदीहरूको अवस्था संकटमा छ । बागमती होस् कि यमुना नदी सत्तामा बस्नेहरूका लागि कमाई खाने भाँडोका रूपमा स्थापित बनेको छ ।

धर्मका नाममा सत्ताको जालझेल गर्ने बागमती नदी सभ्यतामा बस्ने हुन् कि यमुना नदीको सभ्यतामा बस्नेहरूले बुझ्नुपर्ने ठानेका छैनन् । 'आफ्नै अस्तित्व गुमिरहँदा पनि दंग परेको छन् स्वाँठहरू,' काकाले अनुहार अमिलो बनाउँदै रोष व्यक्त गरे । 'भन त कान्छा, यसरी नदीको कुरूपताले हाम्रा सन्ततीले के शिक्षा पाउलान् । हाम्रा पुर्खाले छाडेर गएको सभ्यता हामीले हाम्रा पुस्तालाई त्यस्तै कसरी दिन सकौला ?'

काकाको प्रश्नको उत्तर म के दिन सक्थें र ! वनकाली वनको हरियाली र वृन्दावनको हरियालीको आनन्द हिन्दू धर्मसँग जोडिएको होला । त्यहाँ रहेका मठमन्दिरको प्रसंगसँग होला । बागमती र यमुना नदीले दिने जलप्रवाह सम्पूर्ण जीवसँग सम्बन्धित छ तर त्यसको संरक्षण कसले गर्ने ?

धर्म गर्न जाने मन्दिर फोहोर गर्ने, नदी प्रदूषित बनाउने, सहर सभ्य बनाउँछु भन्नेहरूले विकास भन्दै नदीमा ढल मिसाएर नदी सभ्यता संकटमा पारेर कुरूप बनाउनेबाट के अपेक्षा गर्न सकिएला र ?

'देश ठूलो होस् वा सानो होस् । पद ठूलो होस् या सानो ! उसले गर्ने कर्म कत्तिको ठूलो छ भन्नेमा भर पर्छ ।' काकाले मलाई सम्झाउँदै भन्नु भो ।

देशलाई चिनाउन सभ्यता चाहिन्छ । सभ्यताका लागि नदी जोगाउनुपर्छ । स्थानीय पहिचान देखिनुपर्छ । जुन ठाउँमा पुगिन्छ त्यही ठाउँको परिचय हुनुपर्छ । तर अहिले त सभ्यता र संस्कृति नै ध्वस्त भएर जान थाले । काकाको अनुहारमा अझै असन्तुष्टिका ज्वारभाटा चल्न थाले । काका एक्लै भुतभुताउन थाल्नु भो । मैले केही भन्नै सकिनँ । काकामा नदी सभ्यता जोगाउने भूत यति सवार छ कि सक्ने भए अहिले नै ढल मिसाएको यमुना नदीलाई उसबेलाकै यमुना नदी बनाइदिनुहुन्थ्यो ।

नदी र प्रकृतिको मोह र संरक्षणका लागि कुनै सिमानाले छेक्ने रहेन छ । प्रकृतिको मोह र आनन्दलाई देशको पहिचानले पनि मतलव गर्दो रहेन छ । धर्म, संस्कृति, सम्पदा र सभ्यताले ब्रह्माण्डको जुनसुकै कुनामा गए पनि उत्तिकै मोह गराउँछ ।

'बागमती नदी होस् कि गंगासागर वा यमुना नदी नै किन नहोस् नदीमा सत्ता हाँक्नेदेखि सबै मानवको पापी मन नहोस् । सबै मिलेर प्रकृतिले दिएको वरदान जोगाउन ध्यान दिऊँ ।' काकाले भन्नुभयो र जुरुक्क उठेर भूमिमा ढोग्दै लम्कनुभयो ।



**जीर्ण काठपुल** | हुम्लाको सर्केगाड गाउँपालिका-२ खडिखेतस्थित कर्णाली नदीमा जीर्ण अवस्थामा रहेको काठेपुल । *तस्बिर: दाने बोहरा/रासस*

# सामुदायिक वनको आम्दानीबाट सीपमूलक तालिम सञ्चालन

**घोडाघोडी (कैलाली)**– गौरीगंगा नगरपालिका-७ का सुवन चौधरी अहिले 'प्लम्बिङ' पेसामा आबद्ध छन् । उनले मासिक २५ हजार रूपैयाँभन्दा बढी आम्दानी गरिरहेका छन् । केही वर्षअघि गौरीगंगगा-७ स्थित सुनपाल सामुदायिक वनले आयोजना गरेको सीपमूलक तालिममा सहभागी भएर उनले यो सीप सिकेका थिए ।

सीप सिकेपछि धेरैले वैदेशिक रोजगारी रोजे । चौधरी भने यही गाउँमै बसेर काम गरिरहेका छन् । 'सँगै तालिम लिने साथीहरू कोही तेस्रो मुलुक गए, कोही भारततिर लागे, म भने यतै बसेर काम गर्छु, खुसी पनि छु,' उनले भने । हाल उनले ड्राइभिङ तालिम पनि लिइरहेका छन् ।

चौधरीजस्तै गौरीगंगा-८ की मनीषा विष्ट पनि दैनिक ब्युटिसियन तालिम लिन जान्छिन् । अहिले सुनपाल सामुदायिक वनले चौधरी र विष्टजस्तै ९७ जनालाई सीपमूलक तालिम प्रदान गरिरहेको छ । वनले तीन महिने ब्युटिसियन र ४५ दिने ड्राइभिङ तालिमसँगै तीन महिने कम्प्युटर बेसिक तालिम, सिलाइकटाइ तालिम, टायल मार्बलिङ र प्लम्बिङ तालिम दिइरहेको सुनपाल सामुदायिक वनका अध्यक्ष रामबहादुर कामीले बताए ।

सुनपाल सामुदायिक वनमा गौरीगंगा-७ र ८ का उपभोक्ता छन् । समूहमा आबद्ध उपभोक्ता घरपरिवारमध्येबाट इच्छुक युवायुवतीलाई तालिम दिइरहेको अध्यक्ष कामीले बताए । वन ऐनअनुसार सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाबमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । सोहीअनुसार सीपमूलक तालिम दिन थालिएको अध्यक्षले बताए ।

अध्यक्ष कामीका अनुसार आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार सिलाइकटाइका लागि दुई लाख १० हजार रूपैयाँ, ड्राइभिङका लागि चार लाख, ब्युटिसियनका लागि एक लाख ७० हजार, कम्प्युटर बेसिकका लागि एक लाख २५ हजार, प्लम्बिङका लागि दुई लाख ५० हजार र टायल मार्बल फिटिङ तालिमका लागि दुई लाख रूपैयाँ गरी जम्मा १३ लाख ५५ हजार रूपैयाँ रकम छुटचाइएको छ ।

रोजगारीका लागि जुनसुकै ठाउँमा गए पनि सहजै रोजगारी र राम्रो ज्याला पाउन भन्ने उद्देश्यका साथ तालिम दिइरहेको वनका अध्यक्ष कामीले बताए । उनले भने, 'हामीले तालिमको आयोजना आफ्नै ठाउँमै रोजगारीको सम्भावना बढाउनका लागि पनि गरेका हौं । यदि विदेश जानुपर्ने भए पनि सीप सिकेर जान सकियोस् र काम खोज्न कठिनाइ नहोस् भन्ने सोचले यो तालिम सुरु गरेका हौं ।'

तालिममा एकल महिला र विपन्न परिवारलाई प्राथमिकतामा राखिएको छ । तालिमसँगै सुनपालले परम्परागत पेसा व्यवसाय संरक्षणका लागि अनुदान दिने निर्णय पनि गरेको छ । अध्यक्षका अनुसार आरन व्यवसाय, बेत बाँस तथा चोयाबाट सामग्री बनाउने, थारू समुदायको डेलुवा, ढकिया, हेल्का, डिलिया बनाउने, दुना टपरी र हाते होजियारी व्यवसाय गर्नेहरूका लागि आवश्यक सामग्री खरिद अनुदान दिनेगरी आवेदन माग गरिएको छ ।

उपभोक्तालाई रोजगारतर्फ उन्मुख गराउन प्रयास गरिरहेको सुनपालले गौरीगंगामा रहेको खप्तड बहुमुखी क्याम्पसलाई एक थान ल्यापटप र पाठ्यपुस्तक खरिदका लागि दुई लाख रूपैयाँ दिने निर्णय गरेको छ । *रासस*

# सेवा केन्द्र विस्तार गर्दै तनहुँका स्थानीय तह

**दमौली (तनहुँ)**– तनहुँका स्थानीय तहले वडाबाट प्रदान गर्ने सेवासुविधा जनताको नजिक पुऱ्याउन सेवा केन्द्र विस्तार गर्न थालेका छन् । जिल्लास्थित स्थानीय तहका वडा कार्यालयको केन्द्रबाट टाढा रहेका जनतालाई नजिकबाट सेवा सुविधा प्रदान गर्ने उद्देश्यसहित वडाको सेवा केन्द्र विस्तार गरिएको हो ।

भिमाद नगरपालिका-८ ले वडाको सेवा केन्द्र भानुमतीमा स्थापना गरेको छ । यसअघि अरौंदीमा वडा कार्यालय रहेकामा माथिल्लो भेगका जनतालाई वडा कार्यालयसम्म आएर सेवा लिन अपायक भएकाले सेवा केन्द्र स्थापना गरिएको वडाध्यक्ष अणबहादुर शाहीले बताए । उनले भने, 'जनताको मागबमोजिम नै सेवा केन्द्र विस्तार गरेका हौं । भानुमती भेगका जनतालाई अरौंदीसम्म आएर सेवा लिन एक दिन छुटचाउनुपर्थ्यो, सवारीसाधन कम चल्ने र हिँडेर आउनुपर्दा समस्या थियो । भानुमतीमै सेवा केन्द्र विस्तारपछि त्यस भेगका जनताले सहज ढंगबाट सेवा पाउने छन् ।' उक्त सेवा केन्द्रबाट बिहीबार र शुक्रबार सेवा प्रदान गरिने छ ।

भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले जनतालाई सहज र सरलरूपमा सेवा प्रवाह गर्नु जनप्रतिनिधिको कर्तव्य भएको बताए । जिल्लाकै आँबुखैरेनी गाउँपालिका-५ र ६ को सम्पर्क कार्यालय विस्तार गरिएको छ । वडा कार्यालयबाट प्रदान गरिने सेवा सहज रूपमा वडावासीलाई प्रदान गर्न दुई वडा कार्यालयको सम्पर्क कार्यालय विस्तार गरिएको हो । आँबुखैरेनी गाउँपालिका-५ को वडा कार्यालयको सम्पर्क कार्यालय बरालुङबेँसीमा स्थापना गरिएको छ । संघीय शासन प्रणालीअन्तर्गत सेवा प्रवाहलाई विकेन्द्रित गर्दै स्थानीय तहलाई थप सशक्त र जनमुखी बनाउन सम्पर्क कार्यालय स्थापना गरिएको वडाध्यक्ष सन्तोष गरूङले जानकारी दिए ।

उक्त वडाको प्रमुख कार्यालय सानोभञ्ज्याङमा रहेकाले बरालुङबेँसी र वरपरका बस्तीहरूका सर्वसाधारणलाई वडा कार्यालयसम्म पुग्न समय लाग्ने भएकाले सम्पर्क कार्यालय स्थापना गरिएको उनको भनाइ छ । आँबुखैरेनी गाउँपालिका-६ को सम्पर्क कार्यालय केही समयअगाडि प्युघरफाँटमा स्थापना गरिएको थियो । प्युघरफाँटमा सेवा कार्यालय विस्तार गरी सर्वसाधारणलाई सेवा दिन थालिएपछि सहज भएको छ । वडा नं ६ का सर्वसाधारणलाई घण्टौं पैदल तथा महंगो गाडी भाडा तिरेर सेवा लिन वडा कार्यालय आउनुपर्ने समस्याको अन्त्य गर्न पालिकाले प्युघरमा सेवा केन्द्र विस्तार गरेको वडाध्यक्ष दिलीप गुरूङले जानकारी दिए । सेवा केन्द्रमा वडा कार्यालयबाट प्रदान गरिने सबै सेवाहरू दिइएको छ ।

हप्तामा दुई दिन उक्त सेवा कार्यालयबाट जनताले सेवा पाउने वडाध्यक्ष गुरूङले जानकारी दिए । त्यस भेगका जनतालाई वडा कार्यालयको केन्द्र हिलेखर्क जान समस्या भएपछि सहजताका लागि सेवा कार्यालय विस्तार गरिएको उनको भनाइ छ । उनले भने, 'यस भेगका जनतालाई वडा कार्यालयको केन्द्रसम्म पुग्न एक दिनको समय छुटचाउनुपर्ने बाध्यता थियो । अब सेवा कार्यालयबाटै सहज रूपमा जनताले सेवा पाउने छन् ।'

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जनताले सहज र सरल तरिकाले सेवा पाउनुपर्ने बताए । जनप्रतिनिधि जनताका शासक नभई सेवक भएकाले जनप्रतिनिधिले जनताको भावनाअनुसार काम गर्नुपर्नेमा उनको जोड थियो । उनले भने, 'हिलेखर्कसम्म पुग्न अप्ठ्यारो परिरहेको थियो । प्युघर क्षेत्र वरिपरिका बस्तीका जनतालाई सहज र छिटो सेवाहरू उपलब्ध गराउन सेवा कार्यालयबाट सहज हुने छ ।'

चुमानले सेवा कार्यालयले जनतासँगको निकटता बढाउने र प्रशासनिक सेवा प्रणालीलाई प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले भने, 'यस कार्यालयले जनतालाई एक स्थानबाट सहज र छिटो सेवा प्रदान गर्ने व्यवस्था गर्ने छ । यो कार्यालय खोल्नुका प्रमुख उद्देश्य भनेको जनतालाई स्थायी र दीर्घकालिन रूपमा सेवा दिने हो ।' *रासस*

# बैतडी-काठमाडौं सम्पर्क समितिको भित्तेपात्रो सार्वजनिक



**काठमाडौं (प्रस)**– नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेस बैतडी-काठमाडौं उपत्यका सम्पर्क समितिको भित्तेपात्रो सार्वजनिक गरेका छन् । समितिले नयाँ वर्ष २०८२ को अवसरमा प्रकाशित गरेको भित्तेपात्रो सोमबार राजधानीमा एक समारोहबीच सार्वजनिक गरिएको हो ।

सभापति देउवाले बैतडी मूल घर भई काठमाडौंमा विभिन्न पेसा र व्यवसायमा संलग्न नेपाली कांग्रेसका शुभचिन्तकको सुख दुःखमा देखिनेगरी काम गरेको भन्दै समितिलाई धन्यवाद दिए । उनले समितिलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री, प्रदेश सांसद एवं बैतडीका पूर्वपार्टी सभापति शिवबराज भट्ट, महासमिति सदस्य उत्तरबहादुर ऐरलगायतको उपस्थिति रहेको थियो । समितिका अध्यक्ष दिवाकर बोहोराले राजधानीमा रहेका बैतडीबासीका सुख दुःखमा साथ दिएर अगाडि बढिरहेको जानकारी गराए । उनले भित्तेपात्रो विमोचन गरेर सम्पर्क समितिलाई हौसला प्रदान गरेकोमा पार्टी सभापति देउवाप्रति आभार व्यक्त गरे ।

## Marin Rural Municipality
## Office of the Rural Municipal Executive
Kapilakot, Sindhuli
Bagmati Province, Nepal

**Invitation for Bids**

*First Date of Publication: 2082/01/23 (2025/05/06)*

1. Office of the Rural Municipal Executive, Marin Rural Municipality invites electronic sealed quotations from Nepalese eligible bidders for **" Supply and Delivery of Sanitary Pad as per technical specification"** of the Marin Rural Municipal. The estimated amount is NRs 16,92,966.00
2. The eligible Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost NRs. **1,000/-** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids

Name of the Bank: **Rastriya Banijya Bank Kapilakot, Branch-Kapilakot, Sindhuli**

Name of Office: **Office of the Rural Municipal Executive, Marin Rural Municipality**

Office Account no.: **Marin Gaa.Pa Ga-1-1 Aantarik Rajaswo No. 1530100301010002**

Revenue number: **14229**

| Contract Identification No. | Description of work | Estimate Amount Including VAT (NRs.) | Bid security Amount (NRs.) | Last Date of Bid submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|
| SQ/Goods/08/2081-082 | Supply and Delivery of Sanitary Pad as per technical specification | 16,92,966.00 | 46,558/- | 2025-05-21 12:00 PM | 2025-05-21 2:00 PM |

***Chief Administrative Officer***

**युएइमा रोजगार** कम्पनी : Alsarh Recruitment Sole Proprietorship L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | LT. No. 323083 | चलानी नं. ६०२३७०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 100 | 0 | 800 | २९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३० गते (13th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No: 332/059/060
**Jassim Trading & Services Pvt. Ltd.**
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

**ओमनमा रोजगार** कम्पनी : AL-THABAT HOLDING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | LT. No. 323044 | चलानी नं. ६०२३६९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 20 | 0 | 100 | ३६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | building brick mason | 35 | 0 | 120 | ४२,२४० | | | | | | | |
| 3 | Building Painters | 15 | 0 | 120 | ४२,२४० | | | | | | | |
| 4 | Cleaner General | 50 | 0 | 100 | ३६,२०० | | | | | | | |
| 5 | CONSTRUCTION CARPENTER GENERAL | 20 | 0 | 120 | ४२,२४० | | | | | | | |
| 6 | MASON GENERAL | 30 | 0 | 120 | ४२,२४० | | | | | | | |
| 7 | REINFORCEMENT FITTER | 20 | 0 | 120 | ४२,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३० गते (13th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

**कतारमा रोजगार** कम्पनी : JOINT POWER AUTO MOTIVE

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | LT. No. 323141 | चलानी नं. ६०२३७०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Coordinator | 2 | 0 | 3500 | १२९,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 2 | 0 | 2500 | ९२,६२५ | | | | | | | |
| 3 | Tinsmith | 2 | 0 | 1500 | ५५,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३० गते (13th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**युएइमा रोजगार** कम्पनी : Vega Digital IT Solutions LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | LT. No. 323014 | चलानी नं. ६०२३७०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assembler | 1 | 0 | 1200 | ४४,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Electrician | 1 | 0 | 1200 | ४४,२७५ | | | | | | | |
| 3 | assistant technician/telecommunication | 1 | 0 | 1200 | ४४,२७५ | | | | | | | |
| 4 | Messanger | 1 | 0 | 1200 | ४४,२७५ | | | | | | | |
| 5 | Telecom Technician | 1 | 0 | 1200 | ४४,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३० गते (13th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED**
Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082

**कतारमा रोजगार** कम्पनी : SEA GEL FOR TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | LT. No. 323121 | चलानी नं. ६०२३६९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 2 | 0 | 1300 | ४६,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2800 | १,०३,७३९ | | | | | | | |
| 3 | Labour | 0 | 4 | 1300 | ४६,१६५ | | | | | | | |
| 4 | Masion | 2 | 0 | 1300 | ४६,१६५ | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1600 | ५९,२८० | | | | | | | |
| 6 | Tile Fixer (Tile Maker) | 2 | 0 | 1300 | ४६,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३० गते (13th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

# प्रभाव दैनिक

मंगलबार, २३ वैशाख २०८२ (Tuesday, May 06, 2025)


रूपशाला

## इण्डियन आइडल पवनदीप दुर्घटनामा

इन्डियन आइडल सिजन-१२ का विजेता तथा गायक पवनदीप राजन सोमबार कार दुर्घटनामा परेका छन् । सोमबार बिहान ३:४० बजे अमरोहामा भएको सो दुघर्टनामा उनलाई गम्भीर चोट लागेको बताइएको छ । सामाजिक सञ्जालमा गायकको एउटा भिडियो सार्वजनिक भएको छ, जसमा उनी गम्भीर अवस्थामा देखिएका छन् । डाक्टरहरूले उनको उपचार गरिरहेको भनिएको छ । पवनदीप राजन परेको दुर्घटनाबारे थप जानकारी आउन बाँकी छ । तर भिडियोमा पवनदीपको बायाँ खुट्टा र दाहिने हातमा चोट लागेको देखिन्छ ।



# विकास बोर्डको एकसाथ चार कार्यक्रम

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र विकास बोर्डले एकसाथ ४ स्थानमा फरक फरक कार्यक्रम सञ्चालन गरेको छ । चलचित्रकर्मीको विकास र बिस्तारलाई ध्यानमा राखेर बोर्डले एकसाथ धेरै कार्यक्रम सञ्चालन गरिरहेको एक विज्ञप्तिमार्फत जानकारी दिएको हो ।

बोर्डका अनुसार काठमाडौंमा महिलाहरूको फिल्म क्षेत्रमा सहभागिता र क्षमता विकासका लागि दुई हप्ते 'वुमेन मेक फिल्मस्' कार्यशाला चलिरहेको छ । यो कार्यक्रम महिला निर्माता, निर्देशक र प्राविधिकहरूलाई फिल्म निर्माणका व्यावहारिक पक्षहरूमा सशक्त बनाउन केन्द्रित छ ।

यसैगरी, पोखरामा नयाँ पुस्तालाई फिल्म निर्माणको प्रविधि र अभ्यासमा परिचित गराउने उद्देश्यले 'लाइट, क्यामेरा वर्कसप' सुरु भएको छ । वैशाख २५ गतेसम्म सञ्चालन हुने यो कार्यशालाले क्षेत्रीय प्रतिभाहरूलाई राष्ट्रिय स्तरमा ल्याउन सहयोग गर्ने अपेक्षा बोर्डको छ ।

सुदूरपश्चिमको कर्णाली क्षेत्रको प्राकृतिक र सांस्कृतिक विविधतालाई फिल्ममार्फत प्रवर्द्धन गर्ने लक्ष्यसहित रारामा 'कर्णाली अन्तर्राष्ट्रिय फिल्म महोत्सव' आयोजना भइरहेको छ ।

त्यस्तै दोलखामा पनि लोपोन्मुख थामी समुदायको विवाह संस्कृतिलाई दस्तावेजीकरण गर्ने उद्देश्यले वृत्तचित्र छायांकन भइरहेकोछ । बोर्डको सहकार्यमा थामी जातिको विवाह परम्परालाई जीवन्त राख्ने यो प्रयास महत्त्वपूर्ण मानिएको छ ।

बोर्डले यो वर्ष अझै धेरै कार्यक्रमहरू गर्ने अध्यक्ष दिनेश डिसीले बताए नयाँ दिल्ली । इन्डियन आइडल सिजन-१२ का विजेता तथा गायक पवनदीप राजन सोमबार कार दुर्घटनामा परेका छन् । सोमबार बिहान ३:४० बजे अमरोहामा भएको सो दुघर्टनामा उनलाई गम्भीर चोट लागेको बताइएको छ ।

सामाजिक सञ्जालमा गायकको एउटा भिडियो सार्वजनिक भएको छ, जसमा उनी गम्भीर अवस्थामा देखिएका छन् । डाक्टरहरूले उनको उपचार गरिरहेको भनिएको छ । पवनदीप राजन परेको दुर्घटनाबारे थप जानकारी आउन बाँकी छ । तर भिडियोमा पवनदीपको बायाँ खुट्टा र दाहिने हातमा चोट लागेको देखिन्छ । यो खबरपछि, प्रशंसकहरू उनको स्वास्थ्यको बारेमा चिन्तित भएका छन् । दुर्घटनामा कार पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।

'हामीसँग चलचित्रकर्मी, चलचित्र क्षेत्रको विकासका लागि अझै धेरै कार्यक्रमहरू छन्', अध्यक्ष डिसी भने "चलचित्र विधेयक' संसदबाट पास भएर आएपछि अझै काम गर्न सजिलो हुन्छ ।' डिसीले स्टुडियो निर्माण प्रक्रिया समेत अगाडि बढेको जानकारी दिए ।

# नीति सर्वश्रेष्ठ डेब्यु अभिनेत्री घोषित

**काठमाडौं (प्रस)–** अभिनेत्री नीति शाह सर्वश्रेष्ठ डेब्यु अभिनेत्री घोषित भएकी छन् । अमेरिकाको न्यूयोर्कमा आयोजित '८८४८ हिमालय म्युजिक एन्ड फिल्म अवार्ड'मा उनले फिल्म 'ज्वाइँ साब' बाट यो अवार्ड प्राप्त गरेकी हुन् । 'ज्वाइँ साब' नीतिको दोस्रो फिल्म हो । उनले अभिनयमा डेब्यु भने 'खजुरे ब्रो'बाट गरेकी थिइन् ।

न्यूयोर्कस्थित मेलरोज बलरुमको हलमा आयोजित अवार्डमा अभिनेत्री पूजा चन्दले नीतिलाई अवार्ड प्रदान गरिन् । राजेश हमाल र शम्भुजीत बास्कोटासहित अमेरिकामा बसोबास गर्दै आएका थुप्रै कलाकार सहभागी अवार्ड कार्यक्रममा उत्कृष्ट अभिनेताको अवार्ड विजय बरालले फिल्म 'पूर्णबहादुरको सारङ्गी'बाट जिते ।

कार्यक्रममा 'छक्कापञ्जा ५'बाट केदार घिमिरे माग्ने बुढाले उत्कृष्ट कमेडी, 'बेहुली फ्रम मेघौली'बाट स्वस्तिमा खड्काले उत्कृष्ट अभिनेत्री, '१२ गाउँ'बाट समीर भट्टले उत्कृष्ट डेब्यु अभिनेता र 'तेलभिसा'बाट शंकर घिमिरे उत्कृष्ट निर्देशक अवार्ड प्राप्त गरे । कार्यक्रममा 'शाम्बाला' उत्कृष्ट फिल्म घोषित भयो । कार्यक्रममा अभिनेत्री ऋचा घिमिरे उत्कृष्ट सहायक अभिनेत्री घोषित भइन् ।



# 'रंगी' अब बेलायतमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत फागुन २ गते अलनेपाल रिलिज भएको फिल्म 'रंगी' लण्डनमा पनि प्रदर्शन हुने भएको छ । अभिनेता सलोन बस्नेत प्रस्तुतकर्ता रहेको यो फिल्म आगामी मे ९ तारिखमा लण्डनको २७ वटा हलबाट प्रदर्शनमा आउन लागेको हो । यस फिल्मलाई महारानी प्रोडक्सनको विक्रम जोशीले प्रदर्शनका लागि जिम्मा लिएका छन् । यो फिल्मको लण्डनमा प्रदर्शनका लागि सेन्सर पास भइसकेको जोशीले बताए । उनका अनुसार यो फिल्मले लण्डनमा प्रदर्शनका लागि सेन्सर बोर्डबाट पिजी सर्टिफिकेट पाएको छ । यसअघि यो फिल्म अष्ट्रेलियाको विभिन्न शहरमा प्रदर्शनमा आएको थियो ।

सान्भी इन्टरटेनमेन्ट प्रालिको ब्यानरमा निर्माण भएको यस फिल्ममा बाबुछोरीबीचको कथामा आधारित रहेको छ । विभिन्न फिल्ममा सहायक निर्देशन गर्दै आएका सुरेश न्यौपानेको 'डेब्यू' निर्देशन रहेको यो फिल्ममासलोन बस्नेत, नम्रता श्रेष्ठ, दिलीप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको अभिनय रहेको छ । यो फिल्म अभिनेता बस्नेतको डेब्यू निर्माण हो ।




सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतमको निर्माण रहेको फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, आनन्द कार्की, आमेश भण्डारी, भीम बिसी, समीक्षा अधिकारी र सुजता केसीको स्वर, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको शब्द, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर, कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी तथा केवलमान सिंह बस्नेतको प्रोडक्सन छ । फिल्मको नेपाल वितरक एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्ट हो ।



# कीर्तिपुर क्रिकेट मैदानबारे प्रधानमन्त्रीको चासो



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले कीर्तिपुरस्थित क्रिकेट मैदानमा अन्तर्राष्ट्रियस्तरको प्यारापिट र फ्लडलाइट जडान कार्य तोकिएको समयमा सम्पन्न हुन नसकेको विषयमा आज सम्बन्धित निकायका अधिकारी र निर्माण व्यवसायीलाई डाकेर छलफल गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको छलफलमा शहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल, उक्त निर्माण कार्यको कार्यान्वयन निकाय संघीय सचिवालय तथा व्यवस्थापन कार्यालयका प्रमुख चक्रवर्ती कंठससिहत सम्मलग्न निर्माण व्यवसायीसँग प्रधानमन्त्री ओलीले काम सुरु भए पनि तोकिएको समयमा काम सम्पन्न हुन नसक्ने स्थितिप्रति गम्भीर चिन्ता व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले कार्यभार सम्हालेपछि गत असार ३१ गते पहिलो निर्णयका रूपमा ३ सय दिनभित्र उक्त क्रिकेट मैदानमा अन्तर्राष्ट्रियस्तरको प्याराफिट र फ्लड लाइट जडान गर्ने घोषणा गरेका थिए । उक्त ३०० दिन यही वैशाख २४ गते सकिँदैछ । ती दुई कामका लागि फरक फरक ठेकेदार कम्पनीसँग क्रमशः गत पुस १९ र २२ गते सम्झौता भएको थियो ।

प्रधानमन्त्री ओलीले कुन लापर्वाही, कमजोरी वा के कारणले समयमा काम हुन सकेन र अब कति दिनमा गुणस्तरीयरूपमा काम पूरा हुन्छ भन्ने यकिन गर्न र आगामी दुई महिनाभित्र सम्पन्न गर्न कडा निर्देशन दिए ।

मन्त्रालय सचिव, कार्यालयका प्रमुख र निर्माण व्यवसायीले सम्बन्धित निकायबीचको समन्वयमा समय लागेकाले समयमा बोलपत्र आव्हान हुन नसकेको, प्राविधिक कारणले डिजाइनमा सामान्य परिवर्तन भएको, केही दिन वर्षाले काम अवरोध भएको, एलसी खोल्ने प्रक्रियामा ढिलाइ भएको जस्ता कारणले सम्झौतामा तोकिएको अवधिमा काम हुन नसकेको स्वीकार्दै अबको एक महिनाका काम सक्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

छलफलमा प्यारापेटतर्फ वित्तीय प्रगति ४५.१९ र भौतिक प्रगति ५५ प्रतिशत तथा फ्लड लाइटतर्फ वित्तीय प्रगति २३.८१ र भौतिकतर्फ ३५ प्रतिशत प्रगति भएको प्रधानमन्त्री ओलीलाई जानकारी गराइएको थियो । प्याराफिटका लागि रु ४९ करोड २५ लाख ६७ हजार तीन सय दुई र फ्लडलाइटका लागि रु ४७ करोड ३७ लाख ६८ हजार ७७ मा सम्झौता गरिएको थियो ।

छलफलमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्याललगायत सहभागी थिए ।

# राष्ट्रिय महिला हक्कीको च्याम्पियन बन्यो आर्मी

■ प्रभाव संवाददाता




**काठमाडौं –** नेपाल आर्मी राष्ट्रिय महिला हक्की प्रतियोगिताको च्याम्पियन बनेको छ । सिङ्गल राउन्ड रोबिन लिगमा आर्मी शीर्ष स्थानमा रहँदै च्याम्पियन बन्यो । चार टोली सहभागी प्रतियोगितामा अपराजित आर्मीले सर्वाधिक ९ अंक जोड्यो ।

च्यासल मैदानमा आर्मीले फाइनल सरहको लिगको अन्तिम खेलमा सोमबार गण्डकी प्रदेशलाई ३-० गोलअन्तरले पराजित गऱ्यो । आर्मीका लागि दमरा भट्टले २ तथा सीतामाया बलले १ गोल गरे । दमरा फाइनलको 'प्लेयर अफ दी म्याच' बनिन् । गण्डकी २ मा जित र १ मा हार बेहोर्दै ६ अंकसाथ दोस्रो भयो ।

नेपाल हक्की संघद्वारा आयोजित प्रतियोगितामा ३ अंकका साथ मधेश प्रदेश तेस्रो भयो । मधेशले बागमती प्रदेशलाई १-० गोलले हरायो । सो टोलीकी भावना राईले निर्णायक गोल गरिन् । शीर्ष तीन स्थान हात पार्नेले क्रमशः रु ७५ हजार, रु ५० हजार र रु २५ हजार नगद पुरस्कार हात पारे ।

आर्मीकी निलिमा पाण्डे प्रतियोगिताकै उत्कृष्ट खेलाडी भइन् भने मधेशकी खुश्बुकुमारी उदियमान खेलाडी बनिन् ।

गोलरक्षकमा अनिशा थापा मगर तथा डिफेन्समा सोनु बराल उत्कृष्ट ठहरिए । दुवै गण्डकीका हुन् । प्रतियोगिताभर ५ गोल गरेकी आर्मीकी कमला चन्द सर्वाधिक गोलकर्ता बनिन् । उत्कृष्ट पाँचैले जनही पाँच हजार नगद पुरस्कार प्राप्त गरे ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष ध्रुव आचार्य, राखेप कार्यकारी समितिकी सदस्य एवं हक्की संघकी महासचिव सुवर्ण श्रेष्ठ, राखेपका सदस्य जगतसिंह धामी, हक्की संघका अध्यक्ष अनिलप्रसाद शर्मा, सचिव असिम शर्मालगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गरे ।


**कालिका नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रेडक्रसग्राम, चितवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मितिः २०८२/०१/२३)**

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आव्हान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| S. No. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT and PS (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 18/Works/ NCB/KM/081/082 | Thang Khola River Training Works | **2081-12-18 (31st March, 2025)** | 1,06,43,946.18 | **Pabita Nirman Sewa,** Bharatpur-11, Chitwan | |

**प्रमुख प्रशासकीय अधिकृत**

# विदेशमा निर्माण हुने सबै चलचित्रमाथि सतप्रतिशत कर लगाउने ट्रम्पको आदेश



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार अमेरिकी फिल्मनिर्माता र स्टुडियोहरू विदेशमा काम गर्ने प्रवृत्तिले हलिउड 'विनास' भइरहेको दाबी गर्दै संयुक्त राज्य अमेरिका बाहिर बनेका सबै चलचित्रमा नयाँ कर लगाउने आदेश दिएको बताएका छन् ।

ह्वाइट हाउस आफ्नो आक्रामक व्यापार नीतिहरूमाथि बढ्दो आलोचनाको सिकारमा परेको बेला यो घोषणा आएको छ जसमा ट्रम्पले विश्वभरिका देशहरूमा व्यापक कर लगाएका छन् । 'म वाणिज्य मन्त्रायल र संयुक्त राज्य व्यापार प्रतिनिधिलाई हाम्रो देशमा आउने विदेशी भूमिमा उत्पादित कुनै पनि र सबै चलचित्रमा सतप्रतिशत कर लगाउने प्रक्रिया तुरुन्त सुरु गर्न अधिकार दिँदै छु,' उनले आफ्नो ट्रुथ सोशल प्लेटफर्ममा लेखे, 'हामी चलचित्रहरू फेरि अमेरिकामै बनेको चाहन्छौं !'

वाणिज्यमन्त्री हावर्ड लुटनिकले ट्रम्पको सन्देश पुनः पोस्ट गर्दै भने, 'हामी यसमा काम गरिरहेका छौं ।' कर कसरी कार्यान्वयन गरिने भन्नेबारे कुनै विवरण दिइएको छैन ।

धेरै सामानमा १४५ प्रतिशत कर लगाउने अमेरिकी राष्ट्रपतिको जुझारू व्यापार नीतिहरूको भार लिएको चीनले गत महिना आफूले आयात गरेको अमेरिकी चलचित्रको संख्या घटाउने बताएपछि ट्रम्पको पोस्ट आएको हो ।

'अमेरिकाको चलचित्र उद्योग धेरै छिटो मर्न थालेको छ । अन्य देशले हाम्रा फिल्म निर्माता र स्टुडियोहरूलाई संयुक्त राज्य अमेरिकाबाट टाढा लैजान सबै प्रकारका प्रोत्साहनहरू दिइरहेका छन्,' उत्पादन अन्य देशहरूमा आकर्षित हुनु 'राष्ट्रिय सुरक्षा खतरा' भएको दाबी गर्दै ट्रम्पले आइतबार लेखेका छन्, 'हलिउड, र संयुक्त राज्य अमेरिकाभित्रका अन्य धेरै क्षेत्र ध्वस्त भइरहेका छन् ।'

चलचित्र उद्योगका लागि प्रभावहरू वास्तवमा करहरू कसरी लागू गरिने छ- भन्ने तत्काल स्पष्ट थिएन । पर्दाका लागि बढ्दो लोकप्रिय र लाभदायक उत्पादन क्षेत्र टेलिभिजन शृंखला प्रभावित हुने छ कि भन्नेबारे ट्रम्पको पोस्टमा कुनै उल्लेख गरिएको थिएन ।

### अमेरिका शीर्ष पाँचमा छैन

हलिउड संयुक्त राज्य अमेरिकाको अर्थतन्त्रको एक प्रमुख क्षेत्र हो । यस क्षेत्रले मोसन पिक्चर एसोसिएसनको पछिल्लो तथ्यांकअनुसार २०२२ मा २३ लाखभन्दा बढी रोजगारी र दुई खर्ब ७९ अर्ब डलरको बिक्री उत्पन्न गरेको थियो ।

तर हलिउड हड्ताल र कोभिड महामारीको प्रभावको पृष्ठभूमिमा उद्योगले अझै पनि आफ्नो गति पुनः प्राप्त गर्न संघर्ष गरिरहेको उद्योगका भित्रीहरूले बताएका छन् । हड्ताल र कोभिड महामारीले अमेरिकीहरूले चलचित्रहरू खपत गर्ने तरिका परिवर्तन गरेको छ र थिएटरमा भन्दा घरमा हेर्ने छनोट गरेको छ ।

उत्पादन ट्र्याकिङ सेवा प्रोडप्रोको जनवरीको रिपोर्टअनुसार संयुक्त राज्य अमेरिका १४ अर्ब ५० करोड डलरको उत्पादन खर्चसहित एक शीर्ष फिल्मिङ केन्द्र हो । यद्यपि त्यो रकम दुई वर्ष अघिको तुलनामा २६ प्रतिशतले घटेको छ ।

यद्यपि स्टुडियो कार्यकारीहरूको सर्वेक्षणले सन् २०२५ र २०२६ का लागि उनीहरूको शीर्ष पाँच मनपर्ने उत्पादन स्थानहरू प्रस्तावमा प्रतिस्पर्धी कर प्रोत्साहन योजनाहरूका कारण संयुक्त राज्य अमेरिका बाहिर रहेको खुलासा गरेको छ । पहिलो टोरन्टो, त्यसपछि बेलायत, भ्यानकुभर, मध्य युरोप र त्यसपछि अस्ट्रेलिया थिए । क्यालिफोर्निया छैटौं स्थानमा आएको छ ।

जनवरीमा आफ्नो पदग्रहण अघि ट्रम्पले लामो समयदेखि समर्थकहरू सिल्भेस्टर स्टेलन, मेल गिब्सन र जोन भोइटलाई हलिउडका विशेष दूतका रूपमा नियुक्त गरेका थिए । उनले ट्रुथ सोसलमा एक पोस्टमा मनोरञ्जन उद्योगलाई 'पहिलेभन्दा अझ बलियो' बनाउने बताएका छन् ।

ट्रम्प र रिपब्लिकनहरूले परम्परागतरूपमा मनोरञ्जन उद्योगबाट थोरै समर्थन पाएका छन् । टेलर स्विफ्टदेखि जर्ज क्लुनीसम्मका स्टारहरूले सन् २०२४ को राष्ट्रपति चुनावमा डेमोक्रेट कमला ह्यारिसलाई समर्थन गरेका थिए । *रासस/एएफपी*

# गाजामा भएको इजरायली हमलामा १९ जनाको मृत्यु

**गाजा–** सोमबार प्यालेस्टिनी क्षेत्रको उत्तरमा भएका दुईवटा इजरायली हवाई आक्रमणमा १९ जनाको मृत्यु भएको गाजाको नागरिक सुरक्षा निकायले जनाएको छ ।

गाजाको उत्तरपश्चिममा तीनवटा अपार्टमेन्टमा भएको इजरायली हमलामा १५ जनाको मृत्यु हुनुका साथै १० जना घाइते भएको एजेन्सीका प्रवक्ता महमुद बासलले बताएका छन् । उनका अनुसार प्रभावित हुनेमा अधिकांश महिला तथा बालबालिका रहेका थिए ।

गाजा सहरको उत्तरमा रहेको बेत लाहियास्थित एक घरमा भएको आक्रमणमा थप चार जनाको मृत्यु भएको चार जना घाइते भएको जनाइएको छ । इजरायली सेनाले भने हमलाबारे अहिलेसम्म कुनै टिप्पणी गरेको छैन । इजरायलले १८ मार्चमा प्यालेस्टिनी क्षेत्रमा आफ्नो आक्रमण पुनः सुरु गरेदेखि गाजा पट्टीमा निरन्तर हमला गरिरहेको छ । इजरायलले मार्च २ देखि सबै क्षेत्रमा सहायता प्रवेश अवरुद्ध गरेको थियो ।

इजरायलले नाकाबन्दी र विष्फोट गाजाका बन्धकहरूलाई रिहा गर्न हमासलाई दबाब दिने उद्देश्यले भएको बताइएको छ । सन् २०२३ अक्टोबरमा इजरायलमा हमासको आक्रमणमा अपहरण गरिएका ५८ जना बन्धकहरू अझै पनि बन्धक जीवन बिताइरहेका छन् । बन्धकमध्ये ३४ जनाको मृत्यु भएको सेनाले जनाएको छ ।

एएफपीका अनुसार हमासको आक्रमणमा अधिकांश नागरिकसहित इजरायली पक्षका एक हजार २१८ जनाको मृत्यु भएको थियो । इजरायली सेनाको जवाफी कारबाहीमा गाजामा ५२ हजार ५३५ जनाको मृत्यु भएको हमासद्वारा नियन्त्रित क्षेत्रको स्वास्थ्य मन्त्रालयले जनाएको छ । *रासस/एएफपी*

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय, सप्तरी

### बोलपत्र छनौट सम्बन्धी आशयको सूचना

(प्रकाशित मितिः २०८२/०१/२३)

यस कार्यालयबाट IFB No.: 05/081/82/IDO/Saptari, मिति २०८१/१०/१४ (27th January, 2025) को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा र IFB No.: 09/081/82/IDO/Saptari, मिति २०८१/११/२१ (5th March, 2025) को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम तपसिल ठेक्काहरूका लागि म्यादभित्र रितपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम प्राविधिक प्रस्ताव (Technical Bid) र आर्थिक प्रस्ताव (Financial Bid) हरूको मूल्याङ्कनबाट उत्तीर्ण भई ऐन र नियम बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र (Lowest Evaluated Substantially Responsive Bidder) भएको देखिएकोले बोलपत्र स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२), (३) र दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | बोलपत्र नं. | योजनाको नाम/विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मू.अ.क.बाहेक) |
|---|---|---|---|---|
| १. | IDO/Saptari/Works/NCB/018-81/82 | इनरुवा कुनौली सडक सप्तरी | M/s PS- Royal Joint Venture, Dhangadhi,Kailali | रु. २७,७८,३०,१८४.२ |
| २. | IDO/Saptari/Works/NCB/19-81/82 | सप्तरी, तिलाठी कोइलाडी सडेपारदे खि कुशहा सडक निर्माण | M/s Om Ganeshya Construction Pvt. Ltd., Dakneshwari | रु.९,४०,५९,६२९.२६ |
| ३. | IDO/Saptari/Works/NCB/20-81/82 | छिन्नमस्ता २ रमपुरादेखि छिन्नमस्ता ३ महुवा जाने सडक निर्माण | M/s JNS-A.S-PB-Joint Venture, Biratnagar-13, Morang | रु. ५,८९,६३,५८२.५८ |

नि. कार्यालय प्रमुख

# भारतसँगको तनावबीच पाकिस्तानले गर्‍यो दोस्रो क्षेप्यास्त्र परीक्षण



**इस्लामाबाद–** कश्मीर विषयमा भारत-पाकिस्तानबीच फेरि चर्किएको तनावको बीचमा पाकिस्तानले दोस्रोपटक क्षेप्यास्त्र परीक्षण गरेको छ । सोमबार जारी एक विज्ञप्तिमा पाकिस्तान सेनाले १२० किलोमिटर दायरा भएको मिसाइल सफलतापूर्वक परीक्षण गरिएको जानकारी दिएको छ ।

परीक्षणको उद्देश्य सैनिक तयारी र प्रविधिगत पक्षहरूको प्रमाणीकरण रहेको बताइएको छ । यसअघि शनिबार पनि पाकिस्तानले ४५० किलोमिटर दायरा भएको अर्को क्षेप्यास्त्र परीक्षण गरिसकेको थियो ।

यसैबीच, इरानका विदेशमन्त्री अब्बास अरागची इस्लामाबाद आइपुगेका छन् र प्रधानमन्त्री शहबाज शरीफसँग भेटवार्ता गरेका छन् । उन यही साता भारत पनि जाने कार्यक्रम रहेको छ । इरानले भारत-पाकिस्तानबीच मध्यस्थता गर्ने प्रस्ताव अघि सारेको छ ।

प्रधानमन्त्री शरीफले सेना 'राष्ट्रिय सुरक्षाका लागि पूर्णरूपमा तयार' रहेको बताए । भारतमा गत महिनाको पर्यटकमाथिको आक्रमणलाई लिएर दुई देशबीच तनाव बढेको हो, जसमा २६ जनाको ज्यान गएको थियो । भारतले उक्त आक्रमणको दोष पाकिस्तानमाथि लगाएको छ, तर पाकिस्तानले त्यसको खण्डन गर्दै स्वतन्त्र छानबिनको माग गरेको छ ।

विश्व समुदायले दुबै देशलाई संयम अपनाउन आग्रह गरेको छ । अमेरिका, रूस र अन्य मुलुकहरूले स्थिति थप जटिल नबनोस् भन्ने आशंका व्यक्त गरेका छन् । *रासस/एएफपी*


**मलेसियामा रोजगार**    कम्पनी : KURNIAWAN SECURITY SERVICES SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२२    LT. No. 322988    चलानी नं. ६०२३६९९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 40 | 0 | 1700 | ५४,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ३० गते (13th may 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३८/०५५/०५६

Lucky Overseas Pvt. Ltd.
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com



**युएइमा रोजगार**    कम्पनी : DRAIEH CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२२    LT. No. 323086    चलानी नं. ६०२३७०६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 60 | 0 | 1000 | ३६,८९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpanter | 70 | 0 | 1200 | ४४,२७५ | | | | | | | |
| 3 | Steel Fixer | 70 | 0 | 1200 | ४४,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ३० गते (13th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 498/061/62

KOSHI INTERNATIONAL SERVICES PVT. LTD.
Koshi Villa, Furtiman Marga, Bishalnagar (Near Finland Embassy), KMC-4, T: 977-1-4423603/4423604, Mob: 984-1376648, 9851041549, Email:- koshi.labourdesk@gmail.com, Web: www.Koshiinternational.com


## कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

बागमती प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने बारे सूचना

(सूचना प्रकाशन मितिः २०८२/०१/२३)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित वोलपत्र आव्हानको सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावहरु मूल्यांकन हुँदा सारभूत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रहरु प्राविधिक प्रस्ताव स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ज. (४) र (५) प्रयोजनका लागि सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरूको तपसिलमा उल्लेखित स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकरीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं | कार्यक्रमको नाम | सूचना प्रकाशित मिति | सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु | आर्थिक प्रस्ताव खोलिने विवरण: ठाउँ | आर्थिक प्रस्ताव खोलिने विवरण: मिति र समय |
|---|---|---|---|---|---|---|
| मिति र समय | 16/Works/NCB/KM/081/082 | Construction of Bridge at Kalika Na Pa 10 Kayar Khola | 2081-10-24 (6th February, 2025) | 1 Him Nirman Sewa, Tahachal-13, Kathmandu<br>2 Dynamic Construction Private Limited, Chitwan<br>3 JV Name: Dhanthan-Siddi Bahan J.V., Lead: Dhanthan Construction Pvt.ltd., Sub: Siddhi Bahan Nirman Sewa, Bharatpur<br>4 JV Name:JWALAMUKHIANAKANYA J.V., Lead: Jwalamukhi Construction, Sub: Anakanya Nirman Sewa, Neelakantha-3, Dhading<br>5 JV Name: KNSIPL-ASCOT JOINT VENTURE, Lead: Incon Pvt. Ltd., Sub: kandelnirmansewa, Sub: Ascot Construction Pvt. Ltd., Manbhawan, Lalitpur-05<br>6 JV Name: RUCHIGRM JV, Lead: GRM Construction &Suppliers Pvt. Ltd., Sub: Ruchi Construction Pvt. Ltd., Chitwan | Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan | 2082-02-04 (BS)/18th May, 2025 (AD) At 13:00 HRS. (Noon) |

प्रमुख प्रशासकीय अधिकृत


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं.** ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.**०१२२९६६५८र९८४२६३५८१५ । **लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं.** ४३६४७१ । **ध्रुवको पसल- डिल्लीबजार, फोन नं.** ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । **दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं.** ९८१३९६०७४६ । **सारीका स्टेशनरी पसल - फोन नं.** ९८५११२९६८६ । **ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं.** ४२४००६० । **विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं.** ४२१९४१२ । **निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल,** ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं.** ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.**४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं.** ६६३०७५७ । **B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा)**, **बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः** ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । **दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः** ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं.** ९८४१२८६९८९, **हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क :** ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं.** ९८५१०२४३९८ र ९८६०३४६२५७, **कमल स्टेशनरी, सिफल फोन नं.** ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| | १८४६०० | ० | १९१० |

## कांग्रेस सभापति देउवासँग अर्थमन्त्रीले मागे आगामी बजेटमाथि सुझाव



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटबारे परामर्श गरेका छन्। मन्त्री पौडेलले सोमबार बिहान देउवा निवास बूढानीलकण्ठ पुगेर कांग्रेस सभापति देउवासँग बजेटबारे परामर्श गरेका हुन्।

त्यस अवसरमा सभापति देउवाले मुलुकको आर्थिक अवस्थालाई दृष्टिगत गरी मितव्ययिता अवलम्बन गर्न र स्रोतको अधिकतम सदुपयोग हुनेगरी बजेट निर्माण गर्न सुझाव दिएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ।

## पर्यटन क्षेत्रलाई दिगो र आम्दानीमूलक बनाउन सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** पर्यटन व्यवसायीहरूले पर्यटन क्षेत्रलाई दिगो र आम्दानीमूलक क्षेत्र बनाउन सकिने आधारसहितको सरकारलाई सुझाव पेस गरेका छन्।

पर्यटन क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाले उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई भेटेर नेपालको पर्यटन क्षेत्रलाई दीगो, समावेशी तथा उच्च आम्दानीमूलक बनाउन सकिने आधारसहित सुझाव तथा मागपत्र पेस गरेका हुन्। पर्यटन व्यवसायीले हवाई टिकटमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) पूर्ण रूपमा हटाउनुपर्ने, पाँचतारे र उच्च श्रेणीका होटलमा लागू दुई प्रतिशत विलाशिता कर हटाउनुपर्ने, हवाई टिकटमा आउटस्ट्यान्डिङ ट्याक्स प्रणाली कार्यान्वयन गर्नुपर्नेलगायत माग गरेका छन्।

यस्तै, साना तथा मझौला पर्यटन व्यवसायीलाई सहुलियत कर्जा र कर छुटको व्यवस्था तथा ट्राभल एजेन्सीलाई सेवा शुल्क सुनिश्चित गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने उनीहरूको माग छ। उनीहरूले दीर्घकालीन र सहज राहदानी नीति लागू गर्नुपर्ने, कैलाश मानसरोवर यात्राका लागि आवश्यक उच्चस्तरीय कूटनीतिक समन्वय गर्नुपर्ने, पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) डिजिटलाइजेसन अनिवार्य गर्नुपर्ने, विदेशी पर्यटकका लागि ट्रेकिङ तथा पर्वतारोहणमा सहभागी विदेशी पर्यटकका लागि अनिवार्य ट्राभल इन्सुरेन्स नीति बनाउनुपर्ने माग गरेका छन्।

यसैगरी, राष्ट्रिय पदमार्गका रूपमा कानुनी मान्यता दिएर पूर्वाधार, सूचना, सुरक्षा, संकेतबोर्ड आदिको व्यवस्थित विकास गर्न सकिने, ग्रेट हिमालय ट्रेललाई दश खण्डमा बाँडेर आवश्यक पूर्वाधार विकास, प्रवर्द्धन र मार्केटिङ गर्ने तथा यसका माध्यमबाट नेपाललाई विश्वको प्रमुख साहसिक पदयात्रा गन्तव्यका रूपमा स्थापित गर्न सुझाव दिइएको छ।

पर्यटन व्यवसायीले मुस्ताङको कोरला नाकालगायत अन्य विशेष नाकामा अध्यागमनको आवश्यक सुधारसहित चीन र छिमेकी मुलुकसँगको सीमा व्यापार तथा धार्मिक पर्यटन प्रवेशद्वारका रूपमा विकास गर्न पहल गर्नुपर्ने माग गरेका छन्। गुम्बा, ध्यान केन्द्र, योग आश्रम, पदमार्ग र सांस्कृतिक तीर्थस्थललाई एकीकृत गरी आध्यात्मिक पर्यटनको विकास गर्नुपर्ने यसका लागि आध्यात्मिक, वेलनेस र पदयात्रा पर्यटनलाई एकीकृत विकास गर्न सकिने बताइएको छ।

व्यवसायीहरूले पर्यटन पूर्वाधार सञ्चालनमा उच्च विद्युत् महसुल लाग्ने हुँदा होटल, रिसोर्ट तथा ट्रेकिङ होलिडे क्याम्पलाई औद्योगिक दरमा विद्युत् उपलब्ध गराउँदा पर्यटन प्रवर्द्धन र विकासमा टेवा पुग्ने बताएका छन्।

भेटमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डे, नेपाल पर्वतारोहण संघ (एनएमए) का अध्यक्ष निमानुरु शेर्पा, होटल संघ नेपाल (हान) का अध्यक्ष विनायक शाह, नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष कुमारमणि थपलिया, नाट्टाका महासचिव युविका भण्डारीलगायत सहभागी थिए।

## टिकटकले सुरु गर्‍यो 'फ्यामिली पेयरिङ' फिचर

**काठमाडौं (प्रस)–** टिकटकले नेपालमा आफ्ना कलिला युजरहरूका लागि जिम्मेवार र सुरक्षित अनलाइन अनुभव प्रवर्द्धन गर्न परिवारहरूलाई सहयोग गर्ने उद्देश्यले आफ्नो नयाँ 'फ्यामिली पेयरिङ' फिचर सुरु गरेको छ।

यस फिचरमार्फत अभिभावकहरूले आफ्ना टिनएजर (किशोर-किशोरी) को टिकटक एकाउंटलाई आफ्नो एकाउंटसँग जोड्न सक्नेछन्, जसले गर्दा उनीहरूलाई सेफ्टी सम्बन्धी धेरै विकल्पहरूमा पहुँच मिल्नेछ। यसबाट परिवारका सदस्यहरूबीच जिम्मेवार र सुरक्षित इन्टरनेट प्रयोगको संस्कार विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

फ्यामिली पेयरिङ फिचर सुरु गर्नको लागि टिकटकको 'सेटिङ्स एण्ड प्राइभेसी' मेनुमा गएर क्यूआर कोड स्क्यान गरेर अकाउन्टहरू आपसमा जोड्न सकिन्छ। एकचोटि अकाउन्ट जोडिएपछि




अभिभावकहरूले आफ्ना छोराछोरीको फोन नछोइकनै आफ्नै मोबाइलबाट सिधै सुरक्षासम्बन्धी सेटिङहरू परिवर्तन गर्न सकिने छ।

फ्यामिली पेयरिङमा १५ भन्दा बढी सुरक्षा, गोपनीयता र डिजिटल वेल-बिइंगसँग सम्बन्धित कस्टमाइजेबल फिचरहरू छन् जसलाई अभिभावकले आफ्ना छोराछोरीको टिकटक अनुभव अनुसार मिलाउन सक्नेछन्। जस्तै यसमा दैनिक स्क्रीन टाइम सीमित गर्ने, मेसेजिङ र कमेन्ट रोक्ने, उमेरअनुसारको कन्टेन्ट देखिने बनाउने, एकाउंट खोज्न मिल्ने या नमिल्ने बनाउने, सर्च सेटिङ कन्ट्रोल गर्नेजस्ता फिचरहरू रहेका छन्।

यो फिचरले परिवारका लागि मानसिक शान्ति दिनेछ, किनभने यसले किशोर (टिन) प्रयोगकर्ताको सुरक्षा मात्र नभई उनीहरू र अभिभावकबीच डिजिटल व्यवहारका बारेमा हुने खुला संवादलाई पनि प्रोत्साहन गर्छ। यो आउँदै गरेको पुस्ताका लागि सुरक्षित र सोचविचार गरेर इन्टरनेट चलाउने वातावरण बनाउनका लागि एक महत्वपूर्ण कदम हो।

यो फिचरलाई देशभर पुर्‍याउन टिकटकले नेपालको चर्चित सेलिब्रिटीहरू र डिजिटल इन्फ्लुएन्सरहरूसँग सहकार्य गर्दै जनचेतनामूलक अभियान पनि सञ्चालन गर्ने भएको छ।

## यातायातबाट ८२ करोडभन्दा बढी राजस्व

■ प्रभाव संवाददाता

**भद्रपुर (झापा)–** यातायात व्यवस्था कार्यालय झापाले चालु आव २०८१/८२ को नौ महिनामा रु ८२ करोड १६ लाख ४८ हजार चार सय दुई राजस्व संकलन गरेको छ। कार्यालयले चैत महिनामा मात्रै १५ करोड ७० लाख ८२ हजार एक सय १६ राजस्व संकलन गरेको हो।

चालु आवको चैत महिनासम्म सवारी साधनको कर संकलन बापत रु ६९ करोड छ लाख २२ हजार पाँच सय ४२, यातायात क्षेत्रको आम्दानी बापत रु ९६ लाख ६० हजार छ सय ६७, सवारी चालक अनुमतिपत्र सवारी दर्ता किताबसम्बन्धी दस्तुरबापत रु १२ करोड १२ लाख ८९ हजार छ सय ५१ राजस्व संकलन भएको कार्यालय प्रमुख प्रेमप्रसाद सापकोटाले जानकारी दिए।

चालु आवको नौ महिनामा जिल्लामा नौ हजार नौ सय ५४ नयाँ सवारीसाधन दर्ता भएका कार्यालय प्रमुख सापकोटाले बताए। उनका अनुसार गत आव २०८०/८१ को अन्त्यसम्ममा जिल्लामा दुई लाख छ हजार आठ सय ८४ सवारी साधन दर्ता रहेका थिए।

कार्यालय प्रमुख सापकोटाका अनुसार चालु आवको नौ महिनामा सबैभन्दा धेरै नयाँ मोटरसाइकल तीन हजार दुई सय ३६ दर्ता भएका छन। यसैगरी ई-रिक्सा दुई हजार पाँच सय ४९, स्कुटर दुई हजार तीन सय ४५, ई-स्कुटर पाँच सय ७९, कार एक सय ८०, ट्र्याक्टर एक सय ७६, जिप एक सय ६८, बस एक सय आठ, ई-कार ९३, ट्रक ५२, ट्रिपर २०, माइक्रो १९, एम्बुलेन्स चार वटा नयाँ दर्ता भएका छन्।

## नीति तथा कार्यक्रममाथि ३७ संशोधन प्रस्ताव

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममाथि ३७ वटा संशोधन प्रस्ताव परेका छन्। प्रतिनिधिसभाको सोमबारको बैठकमा सभामुख देवराज घिमिरेले नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमका विभिन्न बुँदाहरूमा ३७ वटा संशोधन प्रस्ताव आएको जानकारी दिए।

संसद्मा प्रस्तुत भएको सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि परेका संशोधनहरूमाथि सोमबारदेखि सुरू भएको छलफलमा प्रतिपक्ष सांसदहरूले असन्तुष्टि जनाएका छन्। नीति तथा कार्यक्रमले वर्तमान समस्याको समाधान गर्न नसकेको मात्र नभई भविष्यप्रतिको स्पष्ट दृष्टिकोणसमेत नबोकेको टिप्पणी गरेका छन्। स्पष्ट योजना र दूरदृष्टिको अभाव, समावेशीता सामाजिक न्याय र सुशासनप्रतिको कमजोर प्रतिबद्धता, निराशाजनक र पश्चगामी शैली, कार्यान्वयन पक्षको अपूर्णता र अस्पष्टता, संघीयता र स्रोत व्यवस्थापनप्रति बेवास्ता, भ्रष्टाचार र अनियमितता सम्बोधनमा उदासीनतालगायतका टिप्पणी सांसदहरूबाट आएका हुन्।

आफ्नो संशोधन राख्दै सांसदहरूले यो नीति तथा कार्यक्रमले विद्यमान समस्यालाई समाधान गर्न प्रयास नगरेको, पुरातनवादी र पश्चगन शैलीलाई प्रसय दिएको, नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा गर्न नसकेको, शिक्षा स्वास्थ्यजस्ता मौलिक हक कार्यान्वयनका लागि स्पष्टता ल्याउन नसकेको विषयहरू औंल्याए।

नीति तथा कार्यक्रममाथि आफ्नो संशोधन राख्दै सांसद सुदन किरातीले सरकारले जनताको अपेक्षाअनुसार काम गर्न नसकेको बेला नीति तथा कार्यक्रममासमेत कुनै स्पष्ट योजना नआएको बताए। सरकारमा रहेका मन्त्रीहरूको सम्पत्ति सार्वजनिक हुन नसकेको विषय पनि उनले संसद्मा उठाए। त्यस्तै, वित्तीय कारबाही कार्यदलको खैरो सूचीबाट कसरी बाहिर निकाल्ने भनेर स्पष्ट कार्ययोजना आउन नसकेको उनको भनाइ छ। गुणस्तरीय स्वास्थ्यको पहुँच विस्तार गर्ने विषयमा नीति तथा कार्यक्रमले कुनै विषय नसमेटेको सांसद किरातीले बताए।

सरकारी शिक्षाको गुणस्तर बढाउने बारेको विषय पनि नीति तथा कार्यक्रममा नपरेको, कृषि क्षेत्रमा प्रभावकारी कार्यक्रम पर्न नसकेको पनि सांसद किरातीले बताए। कृषिजन्य उत्पादनको बजारको प्रत्याभूति गरिनुपर्ने, नेपाली रैथाने ज्ञान र सीपमा आधारित उद्यमशीलता प्रवर्द्धन गर्नेगरी नीति तथा कार्यक्रम आउनुपर्ने उनको भनाइ छ।

सांसद जनार्दन शर्माले संसद्मा पेस भएको वार्षिक नीति तथा कार्यक्रमको बुँदा नम्बर 'क' देखि 'ट' सम्म हटाउनुपर्ने बताए। सामाजिक न्यायका लागि विभेद अन्त्य गर्ने, श्रमयोग्य जनशक्तिलाई तालिम तथा उद्यमशीलता प्रवर्द्धन पर्ने, प्राकृतिक स्रोतसाधनको प्रयोग बढाउने, प्रविधिमा आधारित अर्थतन्त्रलाई जोड दिनुपर्नेलगायत विषय नीति तथा कार्यक्रममा स्पष्ट ढंगले आउन नसकेको शर्माको भनाइ छ। मुलुकको समग्र अर्थतन्त्रमा नै पुनर्संरचना गरेर जानुपर्नेमा उनले जोड दिए।

भ्रष्टाचार निवारण र सुशासन कायम गर्नका लागि सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको सम्पत्ति छानबिनको पनि उनले माग गरे। त्यस्तै, जनताको अपेक्षाअनुसार काम हुन नसकिरहेका कारण व्यवस्थाप्रति नै निराशा बढिरहेका बेला विगतकै निरन्तरताको रटान र पुरानै कुरा आएको शर्माले बताए। नीति तथा कार्यक्रम निराशा जगाउने र देशलाई थप पछाडि धकेल्ने प्रवृत्तिको रहेको आरो पलगाउनु हुँदै सांसद शर्माले राष्ट्रिय सहमतिका साथ नीति तथा कार्यक्रमा संशोधन गरिनुपर्ने बताए।

सांसद डा. अमरेशकुमार सिंहले समावेशी र समानुपातिकसम्बन्धी व्यवस्थामा सरकार अनुदार रहेको आरोप लगाए। नीति तथा कार्यक्रममार्फत शिक्षा र स्वास्थ्य क्षेत्रलाई तहसनहस पार्न खोजिएको पनि उनको भनाइ छ। त्यस्तै, सडक पूर्वाधार, पुललगायत संरचना कमजोर रहेको उनको भनाइ छ। नक्कली भुटानी शरणार्थी प्रकरण माथिको छानबिन, वाइडबढीको घोटाला छानबिन माथि कहाँ पुग्यो भनेर उनले संसद्मा प्रश्न गरे। प्रदेशहरूले पैसा लिएर बजेट बाढ्ने गरेको र यो प्रवृत्ति प्रदेशहरूले संघ सरकारबाट सिकेको उनको भनाइ छ।

सांसद शक्तिबहादुर बस्नेतले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पश्चगमनमुखी, निराशामुखी र 'सेन्टर टु राइट' शैलीको रहेको बताए। नीति तथा कार्यक्रमले मुलुकको विद्यमान अवस्था, आवश्यकता, अवसर र चुनौतीलाई विश्लेषण गर्न नसकेको उल्लेख गर्नुहुँदै उनले सरकारले समस्याको केन्द्रमा पुग्न नचाहेको आरोपसमेत लगाए। अहिलेको समस्या नीतिमा, संस्थागत व्यवस्थामा, विकास मोडलमा वा आचरणमा हो भनेर स्पष्ट हुनुपर्ने बेला आएको आवश्यकता उनले औंल्याए।

अर्का सांसद वर्षमान पुनले सरकारले संसद्मा पेस गरेको नीति तथा कार्यक्रमको गन्तव्य हेर्दा अल्मलिएको र कतिपय अवस्थामा पछाडि फर्कन खोजेको जस्तो देखिएको बताए। शिक्षा र स्वास्थ्यमा राज्यको दायित्व बढाउन अति आवश्यक रहेकोमा नीति तथा कार्यक्रमले त्यसलाई सम्बोधन नगरेको पुनको आरोप छ।

अर्का सांसद रोशन कार्कीले अहिलेको सरकारको कार्यशैलीले गणतन्त्रलाई संस्थागत गर्ने नभई सिध्याउने बताए। रूग्ण र सम्पन्न हुन नसकेको आयोजना खारेज गर्ने कुरा नीति तथा कार्यक्रममा परेकोमा त्यस्ता आयोजनासँग जोडिएका सम्बन्धित पदाधिकारीलाई दण्डित गरिनुपर्ने पनि उनको सुझाव छ। शिक्षाको क्षेत्रमा व्यापार सुधार गर्ने तथा सामुदायिक विद्यालयको भौतिक सम्पत्ति सुरक्षित गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्ने उनको भनाइ छ। यसै आर्थिक वर्षमा कृषि मल कारखाना स्थापना गर्ने कार्यअघि बढाउने विषय नीति तथा कार्यक्रमा राख्नुपर्ने सुझाव उनले दिए।

## नेप्से परिसूचक घट्यो




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक नौ दशमलव ९८ अंकले घटेर दुई हजार छ सय १० दशमलव ४० अंकमा कायम भएको छ।

सोमबार तीन सय १९ कम्पनीको एक करोड ८४ लाख ३७ हजार नौ सय ४२ कित्ता सेयर ६५ हजार आठ सय ८४ पटक खरिदबिक्री हुँदा रू सात अर्ब ६३ करोड ४१ लाख ९३ हजार छ सय ९३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

होटल तथा पर्यटन समूह शून्य दशमलव ०२, लघुवित्त शून्य दशमलव ११, म्युचुअल फन्ड शून्य दशमलव २० र निर्जीवन बिमा समूह शून्य दशमलव ०६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ शून्य दशमलव ३८, विकास बैंक शून्य दशमलव ७६, वित्त शून्य दशमलव ९७, जलविद्युत् शून्य दशमलव ७४, लगानी शून्य दशमलव १३ र जीवन बिमा शून्य दशमलव ११ प्रतिशतले घटेको छ। त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८८, व्यापार शून्य दशमलव ७२ र अन्य समूह शून्य दशमलव २२ प्रतिशतले घटेको छ।

कारोबारमा नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड, ओम मेगाश्री फार्मास्युटिकल्स लिमिटेड र सिटिजन सुपर-३० म्युचुअल फन्डको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने हिमालयन पावर पार्टनर लिमिटेडको सेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ